# मनहरी गाउँपालिका गाउँ सभाको सत्रौं अधिवेशनमा अध्यक्ष श्री रञ्जन कालाखेती ज्यूबाट प्रस्तुत

# नीति तथा कार्यक्रम

मनहरी गाउँपालिका

**गाउँ सभा सचिवालय**

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

**मितिः २०८२-०३-०२**

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध मनहरीको आधार

Scanned with CamScanner

## आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू,

कार्यपालिका सदस्यज्यूहरु,

सभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु,

- नेपालको संविधान बमोजिम निर्वाचनबाट मनहरी गाउँपालिकाको स्थानीय सरकार संचालन गर्न निर्बाचित हामी जनप्रतिनिधिको तिन बर्षे अबधि ब्यतित भई अब हाम्रो कार्यकालको चौथो बर्षको यस गाउँसभाको सत्रौं अधिवेशनमा सबैलाई स्वागत गर्न चाहन्छु ।

- हामीलाई मनहरी गाउँपालिकाको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भए पश्चात हाम्रो कार्यकालको तेश्रो नीति तथा कार्यक्रम र बजेट सफलतासाथ कार्यान्वयनमा सघाउ पुर्याउने हुने जनप्रतिनिधि, कर्मचारी, आम मनहरीबासी तथा सरोकारलाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

- यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरु, दश बर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन तथा बिभिन्न आन्दोलनहरुमा शहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, साथै घाईते बेपत्ता तथा द्धन्दपिडित परिबार प्रति उच्च सम्मान प्रकट गर्दछु । सात दशक लामो बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरिकहरुले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोऱ्याई रहनेछ ।

- मनहरी गाउँपालिकाको विगत देखिको गौरबको सपना पाँच वटा पक्की पुल विबिध चुनौतिका बाबजुद हामीले पूर्णरुपले निर्माण सम्पन्न गर्न सफल भएका छौं । यस विच प्रायः वडाका प्रशासनीक भवन तथा सार्बनजिक भवन लगायत अत्याबस्यक पूर्बाधार धेरै हद सम्म निर्माण सम्पन्न भएको छ । गाउँपालिका प्रशासनीक भवन,वडा नं.३ को जीर्ण भवन हटाई नयाँ बनाउने,वडा नं ४ को भवन,मनहरी अस्पताल भवन,कोल्ड स्टोर भवन,वडा नं.४ र ६ को स्वास्थ्य संस्था भंवन,पालिका रणनीतिक महत्वको चकरी-लामिटार सडक लगायत निर्माणाधिन केही गौरवका पूर्बाधारलाई सम्पन्न गर्ने लक्षकासाथ शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक विषय तथा कृषि क्षेत्रलाई आगामी दिनमा अझै विषेश प्राथमिकता दिने नीति तथा रणनीति तय गर्दै समृद्ध मनहरीको सपना साकार पार्न यस अबधिमा तयार भएको दोश्रो आबधिक योजना र मध्यमकालिन खर्च संरचना समेतको आधारमा बजेट तथा कार्यक्रम बनाइ कार्यान्वयन गरिने व्यहोरा सबैमा जानकारी गराउदछु ।

**बिधमान परिवेश:**

- समृद्ध मनहरी बनाउने हामी सबैको साझा संकल्प भएकोले यस गाउँपालिकामा हामी सबै जन निर्बाचित प्रतिनिधिहरु तथा कर्मचारीहरु भावनात्मक रुपले एक भई समन्वयात्मक ढंगले हातेमालो गर्दै विगतमा जस्तै निर्बाध जनसेवामा समर्पित भएको छौ ।



Scanned with CamScanner

- ❖ चालु आर्थिक बर्षमा पनि बिबिध कारणले संघीय सरकारको अनुदान प्रभावित हुन पुगेको छ। विविध कठीनाइको कारण गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व विशेष गरी नदीजन्य साधारण निर्माणमुखि सामग्री(दहत्तर-बहत्तर)को विक्री शुल्क संकलनबाट आम्दानी हुनपर्ने जति राजस्व उठाउन सकिएको छैन ।यसले गाउँपालिकाको विकास योजना र रोजगारीको क्षत्र केही संकुचन हुन गएको छ।

- ❖ "शिक्षा, स्वास्थ्य, कृषि र पूर्बाधार समृद्ध मनहरीको आधार" भन्ने मूल नाराका साथ सामाजिक एकताको भावनासाथ समृद्ध मनहरी बनाउने र आम महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, आदिबासी जनजाती, चेपाङ्, लोपोन्मुख जाति वनकरीया, अल्पसंख्यक बोटे समूदाय लगायत आर्थिक सामाजिक रुपले पछाडी परेका सबै बर्ग तह र तप्काका जनताको हीतमा कार्य गर्ने दायित्व भएको हामी जनप्रतिनिधि सोही भावनाका साथ अहोरात्र तल्लिन भइरहेको छौं।

- ❖ बिभिन्न बिषयगत क्षेत्रको सेवा प्रवाहलाई सरल बनाउन गाउँपालिकाले तयार गरेको संगठन संरचना बमोजिमको जनशक्ति सम्बन्धित शाखा/फाँट/वडामा खटाई सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने प्रयास गरिएको छ। यसबाट आम सर्बसाधारणलाई दैनिक रुपले आबस्यक पर्ने सेवाको प्राप्ती र पहुँचमा सहज भएको बिश्वास गरिएको छ। जनशक्ति परिचालनकालागि ३ र ४ नं वडा तथा पालिकाको प्रशासनीक भवन बाहेक सबै वडामा सुबिधायुक्त कार्य कक्ष ब्यबस्था भएसकेको छ । यथासिघ्र उल्लेखित भवनहरुको समेत निर्माण सम्पन्नता पश्चात सबै कर्मचारी र पदाधिकारीको सेवा प्रवाह स्थल ब्यबस्थित भइ अझै परिस्कृत जन सुबिधा प्राप्त गर्न थोँरै समयमात्रको धैर्यता आबस्यक रहेको देखिन्छ।

**विकास र समृद्धिको लक्ष प्राप्तिका लागि गरिएका प्रयास, अबसर तथा चुनौति:**

**प्रयास**

- ❖ प्रदेश राजधानीसँग जोडिएको र गाउँपालिकाका ९ मध्ये ४ वटा वडाहरु करीब २७ किलोमिटर सम्म राजमार्गसँग जोडिएको अबस्थामा पनि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पछाडी परिरहेको यस मनहरीको समग्र शिक्षाको अबस्था सुधार गर्न विगत देखिनै बिशेष जोड बल लगाईएको छ। आर्थिक अभावको कारण बिधालय जानबाट बञ्चित बालबालिका तथा श्रोत अभावको कारण शिक्षक ब्यबस्थापन गर्न नसकेका बिधालयलाई उल्लेख्य छात्रबृत्ति र अनुदानको ब्यबस्था गरिरहेकाछौं। आबस्यकता बमोजिम शिक्षा समितिको निर्णय र सम्बन्धित शिक्षकको सहमती अनुसार कतिपय विधालयको प्रशासनीक नेतृत्व फेरबदल गरेर समेत शैक्षिक गुणस्तर बढाउन निरन्तर प्रयत्न गरिएको छ। प्रत्येक वडामा सामूदायिक स्वास्थ्य केन्द्र, एक स्थानमा नागरीक आरोग्य केन्द्र स्थापना तथा संचालन बाट पक्कैपनि मनहरीबासीले बिगत भन्दा सुधारिएको स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन। मनहरी बजारमा निर्माणाधित १५ शैयाको अस्पताल निर्माण सम्पन्न नहुन्जेलकालागि संचालन गरिएको अस्थायी सेवाकेन्द्रबाट राक्सिराङ्ग तथा कैलाशका जनता समेतले सेवा लिइरहेका छन ।मनहरी अस्पताल निर्माण सम्पन्न भएपश्चात मनहरी बासी मात्र नभइ उत्तरी क्षेत्रका मकवानपुरे जनता देखि राजमार्गका यात्रु समेतले विशेषज्ञ सेवा पाउन सक्ने अबस्था सिर्जना गर्न लागि परेकाछौं। पूर्बाधार तर्फ पालिकाकै गौरबका योजना स्वरुप अगाडी बढाइएका पाँचवटै पक्की पुल यस बर्ष देखि सम्पन्न गर्न सफल भइनाले साबिक हाँडीखोला भूगोल तर्फका समग्र कृषकहरु प्रत्यक्ष लाभान्वित हुनेछन। उक्त भूगोल तर्फको



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको चकरी-लामिटार सडक पूर्णरुपले कालोपत्रे सहीत निर्माण/स्तरीकरण सम्पन्न गर्न सकियो भने मनहरी गाउँपालिकाको ४(चार) वटा वडाका बासिन्दाको मुहारमा खुसी झल्कने छ । यसै गरि बागमती प्रदेश सरकारको आर्थिक लगानिमा निर्माणाधिन रजैया-दर्दरा पुल समेत निर्माण सम्पन्न भए पश्चात हाम्रा सबै वडाका भूगोलहरु राजमार्गसंग जोडिएको देख्न पाउने सुखद दिन अब टाढा छैन । कृषि मुलश्चः जिबनम् भन्ने मान्यतामा आधारित भई हाम्रा किसानलाइ आबस्यक यन्त्र उपकरण आफैं रोजेर किन्न पाउने सुबिधा /मल्चिङ्ग प्लाष्टिक/टनेल अनुदान, उत्पादित तरकारी तथा फलफूल भण्डारणका लागि शित भण्डार निर्माण, पशुपालन प्रबर्द्धनमा पशुधन बीमामा अनुदान/प्रतिलिटर दुग्ध उत्पादनमाअनुदान सहयोग,आलु लगायत बालीमा उत्पादनमा आधारित मूल्य अनुदान,कृतिम गर्बाधान सेवा तथा पशुजाँच सेवामा लगानी,खोरेत तथा पि.पि.आर.विरुद्धको भ्याक्सनेशन,पाक्षिक रुपले कृषकबाट विक्रि भएको दुग्ध पालिकाले खरिद गरी मूल्य भूक्तानी गर्ने गरिएकोले दुग्धको मुल्य र बजार सुनिश्चित भएको लगायतका कार्यहरु समृद्ध मनहरीको आर्थिक लक्ष प्राप्तिका लागि गरिएको प्रयास हो ।

**अवसर**

❖ यस मनहरी गाउँपालिकाको १९९.५२ बर्गकिलोमिटर भूभाग मध्ये अधिकांस कृषि उर्बर भूमि रहेको छ । साबिक हाँडिखोला तर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरी तर्फ धान लगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रा लगायत पशुपालन गरि उत्पादनमा आधारित स्वरोजगार बन्ने अबसर रहेको यहाँ प्रशस्त मात्रामा नदी उकास जमिनहरु अझै बाँझो रहेको र यातायातको समेत सहज पहुँच भएको कारण त्यसको सदुपयोगबाट रोजगारी सिर्जना गर्ने सकिने प्रचुर सम्भावना छ । प्रदेश राजधानी नजिकै रहेको हाम्रो पालिकाको ६ नं वडाको जोगिताल क्षेत्रमा बागमती प्रदेश सरकारबाट समेत उधोग ग्राम बनाउन तयार गरिएको DPR सहीतको गुरुयोजना कार्यान्वयन गर्न थप पहल गर्नुपर्ने देखिएको छ ।उक्त प्रस्तावित उधोग ग्रामले मुर्तता प्राप्त गरेमा याँहा नयाँ रोजगारीका अबसर प्राप्त भई युवा जनशक्ति विदेश पलायनलाई समेत रोक्न सघाउ पुग्ने र कल्पना गरिएको समृद्ध मनहरी बनाउन सकिने कुरालाई अबसरको रुपमा लिन सकिन्छ ।

**चुनौती**

❖ १. यस गाउँपालिकाको दक्षिण तथा पश्चिम तर्फ रहेको पर्सा र चितवन राष्ट्रिय निकुञ्जको संरक्षित क्षेत्र र मध्यबर्ती भूभाग प्राकृतिक तथा पर्यावरणीय हिसाबले महत्वपूर्ण हुँदाहुदै पनि बिधमान द्वैध कानुनी संरचानको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्वित हुनबाट बञ्चित रहनु परेको छ । पुस्तौं देखि भूमिहीन सुकुम्बासी बनेका तथा दशकौं देखि नापीकार्य स्थगन भएको अनि हाल संरक्षित तथा मध्यबर्ति क्षेत्रमा परेको कारण आफैंले आमोद कमोद गरेको जग्गा उपयोगमा कानूनी बाधाबाट मनहरी पालिका क्षेत्रका झण्डै ८ हजार परिवार पिडामा छन । यस विचमा तिन/तिन पटक गठन भएका भूमि समस्या समाधान आयोगबाट समेत कानूनी जटिलताका कारण उक्त जमिनको स्वामित्व सम्बन्धित परिवारलाई दिलाउन नसकिनु र महत्वपूर्ण स्थानीय आर्थिक श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने बिषयको मूख्य चुनौती हो । अधिकांस मध्यबर्ती बस्तीमा पर्षा तथा चितवन निकुञ्ज क्षेत्रबाट भित्रने जंगली जनाबरबाट हुने धन जनको क्षति, चुरे पहाडको छेउमा बस्ती तथा खेती योग्य जमिन भएकोले खहरेबाट हुने भू-क्षय तथा जमिनको कटान हाम्रो थप चुनौतीको विषय रहेको छ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

पुजन कालाखेती
अध्यक्ष

२. राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्याङ्क हेर्दा अझै पनि निरपेक्ष गरिबिको दर २५.६१ प्रतिशत हुनु,ज्याला मजदुरी पेशा व्यवसायबाट जिविका चलाउने परिवार ३६.२४ प्रतिशत देखिनु,गैर कृषि पेशा (उद्यम व्यापार र नोकरी) मा निर्भर परिवार १२.४ प्रतिशत मात्र रहनु,व्यावसायिक/प्राविधिक सीपयुक्त दक्ष जनशक्ति २८८ जनाको मात्र तथ्याङ्क रहनु,साक्षरता दर ७७.७ प्रतिशत मात्र भइ सत प्रतिशत पुरा गर्न बाँकी रहनु,पाइप धाराको खानेपानीबाट लाभान्वित घरपरिवार ६६.९ प्रतिशत मात्र भएको देखिनु,अझै सम्म पनि शौचालय नभएको घरपरिवार ६.२८ प्रतिशत बिधमान हुनु तथा बिधुत सेवा नपुगेको घर परिवार ३.८ प्रतिशत देखिनुले थप चुनौती हाम्रो सामु बिधमान रहेको आँकलन गर्न सकिन्छ । उपभोक्ता समिति परिचालनबाट निर्माण गरिने पूर्वाधारका संरचना तथा अन्य कार्यक्रममा उल्लेखनिय जनसहभागित बृद्धि नहुनु पनि अर्को चनौतिको रुपमा महशुस गरिएको छ । यसका साथै ठूलाठूला पूर्वाधार निर्माण जस्तै ५ वटा पक्की पुल, कोल्ड स्टोर, लामिटार चकरी सडक, गाउँपालिका प्रशासकीय भवन, वडा कार्यालय भवन जस्ता योजनामा ठूलो श्रोत खर्च भएको/हुने भएकोले श्रोतको उचित व्यवस्थापनमा अर्को चुनौतीको सामना गर्नु परेको छ ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारः**

यस नीति तथा कार्यक्रम तर्जुमाका मुख्य आधार नेपालको संबिधान २०७२ को अनुसुची-८ मा भएका एकल अधिकार,अरु अनुसुचीका साझा अधिकार लगायत अन्य धाराहरुमा उल्लेखित दायित्व तथा जिम्मेवारी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्राबधान, मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यबिधि, २०७९, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, सोह्रौं आवधिक योजनाले परिलक्षित गरेका प्राथमिकताहरु तथा दीगो विकासका गरिबि र भोकमरी हटाउने, गुणस्तीय शिक्षा र स्वास्थ्यको ब्यबस्था गर्ने, लैंगिक समानता तथा समाबेशीकरण, सफा खानेपानी तथा स्वच्छ उर्जा, आर्थिक समृद्धि, नविनतम खोज, सामाजिक असमानता हटाउने, जलबायू अनुकुलन विकास तथा संतुलित उपभोग, ब्यबस्थित बस्ती विकास एबम् शान्ति र न्यायको प्रत्याभूती जस्ता विश्वब्यापी लक्षहरु,संघीय तथा प्रदेश सरकारको नीति,कार्यक्रम तथा लक्ष,प्रदेश तथा यस पालिकाको दोश्रो आवधिक योजनाले तोकेको प्राथमिकता,संघ/प्रदेश तथा आफ्नै पालिकाको नीति, आफ्नै पालिकाको त्रि-बर्षिय मध्यमकालीन खर्च संरचनाको सोच,लक्ष,उदेश्य,रणनीति तथा कार्यनीतिगत शिद्धान्त,दीगो बिकास लक्ष,विपद जोखिम न्यूनिकरण तथा ब्यबस्थापन दृष्टीले महत्वपूर्ण,जलबायू परिवर्तन अनुकुलन,बाताबरण तथा बालमैत्री स्थानिय शासन प्रबर्द्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशीरण जस्ता अन्तरसम्बन्धित बिषय ,संघ/प्रदेशको आर्थिक नीति तथा अन्य विषय क्षेत्रगत नीति एबम् स्थानीय सरकार स्थापना तथा सञ्चालनमा भएका आठ बर्ष देखिको ब्यबहारिक अनुभव र सिकाईहरु ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

[redacted]

**चालु आ.ब.०८१/८२ को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिबरण:**

**पूर्बाधार क्षेत्र:**

- स्लाब बाटो निर्माण : १३२५५ मि.
- ग्राभेल बाटो निर्माण : ८४७२ मि.
- नयाँ ट्र्याक निर्माण : २७५०० मि.
- रिटेनिंग वाल : ६३२१ मि.
- पक्कि नाला निर्माण : ३३२६ मि.
- ग्याविन ड्याम निर्माण : ३३०८ m(बाटो सहीतको)
- खानेपानी पाइपलाईन विस्तार कार्य : १८४८६ मि.
- ट्वयल धारा: ८९ वटा
- कालोपत्रे सडक निर्माण : ४४१९ मि.
- सार्वजानिक भवन निर्माण तथा मर्मत सम्भार : ५२ वटा
- कलभर्ट तथा पुल निर्माण: २५ वटा
- कम्पाउड तारजालि, काडेतार: ४९०१ मि.
- घर नक्सा अभिलेखिकरण: ४९ वटा (यस बर्ष)
- नयाँ घर नक्सा पास: ८ वटा (यस बर्ष)
- जग्गा नापी: २३० वटा कित्ता (यस बर्ष)
- प्रतापपुर १० मिटर सडक, चकरी लामिटार सडकमा थप स्तरउन्नतीको कार्य भएको,
- वडा नं १ ज्यामिरे र वडा नं ६ डिपार्डमा पक्की कल्भट निर्माण भएको,
- ४ नं वडामा स्वास्थ्य ईकाई भवन निर्माण हुदै गरेको , मनहरी अस्पताल भवन निर्माण कार्यमा ५५ प्रतिशत प्रगति भएको
- ४ नं.वडा कार्यालय भवन निर्माणको लागि बोलपत्र प्रकाशन भएको, ३ नं वडा कार्यालयको भवनबाट भई रहेको सेवा प्रवाहलाई स्थानातरण गरी जिर्ण भवन डिस्मेन्टल पश्चात वोलपत्र आह्वानको प्रक्रियामा रहेको, पालिकाको प्रशासनीक केन्द्रिय भवनको निर्माणमा २५ प्रतिशत प्रगति भएको
- वडा नं ३ भुन्द्रङ्ग क्षेत्रमा तरकारी फलफुल कृषकलाई लक्षित गरी ४०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणकालागि निर्माण ब्यवसायीसंग सम्झौता भइ हाल सम्म ३० प्रतिशत भौतिक प्रगती भएको,
- पाँच वटै पक्की पुल निर्माण सम्पन्न भइ संचालनमा आएको, रजैया-दरदरा पक्की पुल निर्माण कार्यमा द्रुत गतिले प्रगती हांसिल गर्न समन्वय भईरहेको,
- तल्लो मसिने खानेपानी,विक्रमप्रता खानेपानी,चकरी विष्टटोल खानेपानी,रुपाचुरी फरिवाङ्ग खानेपानी, निर्मालबस्ती खानेपानी, जोगिताल सुनाचुरी खानेपानी, भिमान खानेपानी लगायत केही बृहत खानेपानीका योजनाहरु निर्माण तथा थप ब्यबस्थापन गरिएको ।



रञ्जन कालाखेती
अध्यक्ष

- रुपाचुरी पाङ्गथलिमा झोलुङ्गे पुल निर्माण गर्न यस वर्ष प्राप्त बजेटबाट लागत अनुमान बमोजिम काम भईरहेकोमा आगामी वर्षको लागि थप बजेट माग गरि सम्पन्न गर्ने उद्देश्य रहेको ।
- झण्डै २३६ वटा भन्दा बढी स्थानिय पूर्बाधारका आयोजनाहरु सम्बन्धित स्थानिय उपभोक्ताहरुसंगको सहकार्यमा कार्यान्वयन गरि झण्डै १३ करोड रुपैंया स्थानिय बासिन्दाको टोल बस्तीमा भूक्तानी गरिएको छ,जसबाट स्थानिय बजारमा हुने आर्थिक गतिबिधिमा केही सकारात्मक सहयोग पुग्न गएको देखिन्छ।
- जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यबिधि बमोजिम रकम बिनियोजन गरी रु.२ करोडको बिभिन्न योजना कार्यान्वयन गरिएको ।

**आर्थिक विकास क्षेत्र:**

- कृषि तथा भेटेनरीका कर्मचारी दरबन्दी अनुसार पूर्ति हुदै गएको, कृतिम गर्भाधान कार्यक्रमकालागि थप पशु स्वास्थ्य संयम सेवक निरन्तर परिचालन गरेको,
- कृषकबाट उत्पादित दुग्ध सहकारीको माध्यमबाट उधोगमा जाने तर ३-४ महिना सम्म पनि भूक्तानी नपाउने कृषकलाई १५/१५ दिनमा भूक्तानी दिलाउन आबस्यक व्यबस्था गरेको,
- ५० प्रतिशत अनुदान कार्यक्रमबाट आफुलाई आबस्यक पर्ने कृषि औजार तथा सिंचाइ मोटर किन्न पाउने ब्यबस्था कार्यान्वयन गरेको, नरीवल बगैंचा संरक्षण, अदुवा खेती/धान मकैका उन्नत बिउ बितरण, मल्चिङ्ग प्लाष्टीक वितरण,सिचाईको लागि प्लाष्टिकको पोखरी निर्माण, आलु/प्याजमा उत्पादनको आधारमा मूल्य अनुदान,धानबाली पकेट क्षेत्र प्रोत्साहन, माटो परीक्षण लगायत विबिध कृषि प्रबर्द्धनात्मक कार्य गरेको,
- लोपोन्मुख बनकरीया जाति लगायत अन्य समुदायलाई सीपमूलक तालिम, बाख्रा/कुखुरा प्रबर्द्धन, हरीयो घाँस प्रबर्द्धन, दुग्ध किसानलाई अनुदानमा निरन्तरता, कृतिम गर्भाधान कार्यका लागि AI Mission, नियमित तथा आपतकालिन पशु स्वास्थ जाँच सेवा, पशु आहार तथा औषधी कार्यक्रम आदीमा सेवा सुबिधा प्रवाह गरेको,
- कपाल काट्ने,सौंदर्य प्रशाधन सीप, क्रिस्टलको माला बनाउने, अचार बनाउने,बाँसको मुढा बनाउने लगायत लघु उधमी बनाउन गरिबि निबारणकालागि लघु उधम कार्यक्रम संचालन गरेको,
- मनहरी महोत्सबमा गरिएको सहयोगबाट यस क्षेत्रको ब्यापार बाणिज्यलाई थप उर्जाशिल बनाइएको छ ,
- प्रधानमंत्री रोजगार कार्यक्रमबाट ६९ जनालाइ झण्डै ४५ लाख रकम ज्याला स्वरुप भूक्तानी गरेको, सुरक्षित आप्रबासन सम्बन्धि SaMi कार्यक्रमबाट बैदेशिक रोजगारीमा गएका परिवारका सदस्यले मनोसामाजिक तथा बित्तिय साक्षरता कक्षाबाट लाभ लिएका छन भने बैदेशिक रोजगारीमा जान तयारी गरेका युवाहरुलाई मर्यादित र सुरक्षित रुपले संलग्न हुन रिटर्नी संयम् सेवक परिचालनको माध्यमबाट परामर्श सेवा प्राप्त गरिरहेका छन ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन सहीत अन्य समन्वयात्मक तथा सहजीकरण कार्यक्रमको माध्यमबाट पालिकासंग सम्बन्ध सुमधुर बनाई वित्तिय अनुशासन कायम राखि संस्था संचालन गर्न प्रोत्साहन भइ रहेको छ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रत्नैया, मकवानपुर
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

**सामाजिक विकास क्षेत्र:**

- मनहरी अस्पतालमा विस्तारीत OPD समयलाई निरन्तरता दिइएको छ,रक्त संकलन केन्द्रलाई सहयोग पुग्नेगरि नेपाल रेडक्रश सोसाइटीलाइ भौतिक संरचना निर्माण समेतमा सहयोग गरिएको छ । जेष्ठ नागरीकलाइ घरदैलो स्वास्थ्य सेवा मार्फत घरमै गइ स्वास्थ्या जाँच र औषधी बितरण सहीत सम्मानका कार्यहरुलाई निरन्तरता दिइएको छ ।
- गर्भवती महिलाको जाँच गर्न निशुल्क भिडियो एक्सरे सहीतको सेवा,अण्डा तथा क्याल्सियम वितरण,सुत्केरी महिलालाइ पोषणा प्याकेट लगायत प्राथमिक सुबिधाहरु विगतझै निरन्तर उपलब्ध गराइदै आएको छ ।PNC home visit कार्यक्रम निरन्तर संचालन गरिएको छ ।
- महिला स्वास्थ्यं स्वयंसेविकालाइ सम्मान तथा सहयोग,विपन्न विरामीहरुका लागि एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट,निशुल्क औषधि बितरण लगाएतको कार्यहरु निरन्तर गरिएको छ ।
- विपन्न परिवारको स्वास्थ्य गरिबसंग विश्रेश्वर स्वास्थ्य वीमा कार्यक्रमबाट २००० परिवार लाभान्वित भएका छन भने,रुपाचुरी बालभन्ज्याङ क्षेत्रका गर्भवती महिलाहरुलाइ स्वास्थ्य संस्थामा सुत्केरी हुने अधिकारको रक्षा गर्न बर्थिङ्ग सेन्टर संचालनमा ल्याईएको छ ।
- मातृ तथा नवशिशु कार्यक्रम सन्चालन,रेबिज नियन्त्रण कार्यक्रम,परिवार योजना सेवा,आकास्मिक रोग नियन्त्रण कार्यक्रम,दादुरा रुबेला खोप अभियान संचालन एवं ब्यबस्थापन जस्ता स्वास्थ सेवा प्रवाह निरन्तर भइनै रहेको छ ।
- मनहरी अस्पताल तथा हाँडीखोला स्वास्थ चौकीमा चिकित्सक सेवालाई निरन्तरता दिई सबै स्वास्थ्य संस्थाहरुमा आबस्यक स्वास्थ्यकर्मिको उपलब्धतालाई नियमित बनाइएको छ ।
- शैक्षिक क्यालेण्डर निर्माण, विबिध विषयमा शिक्षक तालिम आयोजना गरि शैक्षिक जनशक्ति विकास गरिएको छ ।अभिभावक सचेतना कार्यक्रम सहीत गाउँ शिक्षा योजना निर्माण गरि समग्र शिक्षाको गुणस्तर अभिबृद्धीमा हर सम्भव प्रयत्न गरिएको छ ।कार्य सम्पादन करार सम्झौता गर्ने प्र. अ.हरुको लागि प्रोत्साहन भत्ता सहीत लामो समय बसेको बिधालयबाट नयाँ स्थानको अनुभव सहीत शैक्षिक सुधार गत बर्ष देखि सुरु गरिएको प्रा.बि.तहका प्र.अ.हरुको ईच्छा मुताविक सरुवा कार्य आबस्यकता अनुसार कार्यान्वयन गरिराखिएको छ । ईच्छुक शिक्षकहरुलाई स्वर्णिम अबकासको अबसर उपलब्ध गराई शिक्षक सेवाबाट थप शिक्षक प्राप्ती र पदस्थापना गरि शिक्षक दरबन्दी नियमित बनाउन प्रयास गरिएको छ ।
- करार तथा निजी स्रोतमा कार्यरत शिक्षकहरुको मनोबल उच्च राख्न आबस्यक काम गरिएको छ ।उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थी पुरस्कृत गर्ने कार्य भएको छ ।बिधार्थि संख्याको आधारमा राख्न पर्ने निजि श्रोतको शिक्षक ब्यबस्थापन गर्न प्रति बिधार्थि आधारमा शिक्षक ब्यबस्थापन अनुदानलाई निरन्तरता प्रदान गरिएको छ भने आर्थिक अभावको कारण माथिल्लो शिक्षा प्राप्त गर्न बञ्चित जुनसुकै तहका बिधार्थि लाभान्वित हुने गरिगरिबसँग विश्वेस्वर शैक्षिक सहायता कार्यक्रम संचालन गरिएको छ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड लगायत विबिध खेलकुदमा यूवा/विधार्थिहरुलाइ जोडिएको छ,विभिन्न वडामा अध्यक्ष कप फूटवलहरु सहीत बिभिन्न खेलकुदका महोत्सब संचालन गर्न खेलकुद विकास समिति परिचालन गरिएको छ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

- नगर प्रहरी परिचालन गरि गुट्का जन्य पदार्थ नियन्त्रणको काम निरन्तर गरिएको छ,विभिन्न किसिमको नेतृत्व तथा क्षमता विकास तालिम संचालन गरिएको छ ।शिपमूलक तालिमको माध्यमबाट स्वरोजगार हुन प्रेरित गरि सामाजिक विकासमा पहल गरिएको छ ।
- महिला,बालबालिका,वोटे,बनकरीया,दलित समुदाय,चेपाङ्ग समुदाय,आदिबासी जनजाती बर्गको हीतमा सामाजिक योजना,जेष्ठ नागरीक सम्मान,अपाङ्गता सहायता सामग्री बितरण,लैंगिक हिंसा निवारण सम्बन्धि अभियान आदी लक्षित बर्गको उत्थानमा योगदान पुगेको छ ।लागुऔषध दुर्व्यसन रोकथाम तथा जनचेतनामुलक कार्यक्रम सहीत क्षमता विकासको कार्यक्रमबाट युवाहरुलाई उत्प्रेरित गर्ने कार्य गरिएको छ । अल्पसंख्यक मुस्लिम महिलालाई तालिम, द्धन्द पिडित तथा शहीद परिवार सम्मान, मजदुर हीत र सुरक्षा, गै.स.स.संग अन्तरकृया लगायत कार्यबाट सबै बर्ग तह तप्का र लिङ्ग एबम् लैंगिक अल्पसंख्यक समेतले पालिकालाई अविभावक महशुस गरिरहेका छन ।प्रदेश सरकारसंगको सहकार्यमा अविभावक बिहीन बालबालिकालाइ मासिक रु.२००० निर्बाह भत्ता उपलब्ध गराउने कार्य निरन्तर संचालन गरिएको छ ।
- टुकी फाउण्डेशन संगको सहकार्यमा स-साना बालबालिका सहीतका चार जना एकल महिलालाई आबास निर्माण गरि हस्तान्तरण गरिएको छ । जनता आवास कार्यक्रमबाट खरको छाना मुक्त बनाउने कार्य निरन्तर संचालन गरिएको छ ।
- बागमती प्रदेश सरकार सामाजिक विकास मंत्रालयको सहकार्यमा गृहीणी महिलाहरुकालागि आय आर्जन सहज होस भनि विभिन्न प्रकारका तालिम लगायंत प्रविधि हस्तान्तरण सहीतका कार्यक्रम संचालन गरिएको छ ।
- टोल विकास संस्थाहरुलाइ लेखा\व्यबस्थापन तालिम तथा विभिन्न किसिमको सहयोगको माध्यमबाट सबलिकरण गरिएको छ, विभिन्न समुदायलाइ भाषा, धर्म, संस्कृति संरक्षण र पर्ब प्रोत्साहनको माध्यमबाट सहयोग गरिएको छ ।मानव सेवा आश्रम लगायत संस्थालाई अनुदान सहयोग उपलब्ध गराउन बजेट ब्यबस्था,पहेंलो कार्ड वाला आंशिक अपाङ्गता भएका ब्यक्तिहरुलाई निर्बाह भत्ता,अपाङ्गता भएका ब्यक्तिहरुलाइ समुदायमा आधारित पुनरस्थापना कार्यक्रम तथा पूर्ण अशक्त अपाङ्गहरुलाइ ब्यक्तिगत सहयोगी कार्यक्रम निरन्तर संचालन गरिएको छ ।बालमैत्री सहजकर्ताको परिचालनबाट बाल बिबाह,बाल श्रम नियन्त्रण रोकथामको प्रयत्न भइ रहेको छ ।
- स्वच्छ खानेपानी ब्यबस्थापनकालागि खानेपानी तथा सरसफाइ समिति परिचालनको माध्यमबाट क्रमश सबै वडाहरुमा एक घर एक धारा सहीतको स्वच्छ खानेपानी व्यबस्थापन हुदै गएको छ ।
- अशक्त बृद्ध हरुलाइ सम्बन्धित बैंक संगको सहकार्यमा वडामा नगदै सामाजिक सुरक्षा भत्ता वितरणको माध्यमबाट केही सहज बनाइएको छ ।
- विभिन्न सफ्टवेयर तथा सूचना प्रबिधिको माध्यमबाट थप पारदर्शि र शुसासन युक्त सेवा प्रवाहको थालनी भएको छ ।मुख्य बजारको बिभिन्न क्षेत्रमा सिसिटिभि जडान गरि प्रबिधिको माध्यमबाट सुरक्षा निगरानी संजाल बनाइएको छ ।

रन्जन कालाखेती
अध्यक्ष

**वातावरण तथा विपद् ब्यबस्थापन क्षेत्र:**

- डढेलो/आगलागी नियन्त्रण अभिमुखिकरण कार्यक्रम संचालन गरिएको,प्रकोप ब्यबस्थापन तथा महामारी नियन्त्रण सम्बन्धि चेतनामूलक कार्य गरिएको छ ।खुल्ला चौर तथा स्थानमा आय आर्जन सहीतको हरीयाली कायम गर्न नरीवल लगायको वृक्षारोपण कार्यक्रम संचालन गरिएको छ ।
- विपद् पुर्व तयारी अभिमुखिकरण कार्यक्रम तथा मनसुन जन्य विपदबाट क्षेति पुगेका निजि आवास पुनरस्थापनामा सहयोग गरिएको छ ।विपद ब्यबस्थापन कोषलाइ थप सबल बनाइएको छ ।
- हावाहुरी तथा आगलागी पिडीतलाई राहत उपलब्ध गराउने कार्यबिधि बमोजिम १० हजार/२० हजार निरन्तर उपलब्ध गराउने गरिएको । मनसुनजन्य विपद् प्रतिकार्य योजन अद्यांवधिक गरिएको ।
- मनहरी गाउँपालिकाका नागरिकको जुनसुकै कारण मृत्य भएको अबस्थामा पालिका अध्यक्ष/उपाध्यक्ष स्वयम उपस्थित भइ परिवारमा समबेदना व्यक्त गर्ने गरिएको । साथै वडासमितिको सिफारिसको आधारमा मृत्यु संस्कारमा सहयोग पुगोस भनि रु.२० हजार घरमै पुर्याई हस्तान्तरण गर्ने गरिएको ।
- बन्य जन्तु आक्रमण,प्राकृतिक प्रकोप तथा विभिन्न शारीरीक रोग लागि उपचार गर्न आर्थिक अभाव भएका ब्यक्तिहरुलाइ कानून बमोजिम यथासक्य आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- बर्षात तथा बाढीको कारण क्षेत विक्षत भएका सडकहरु तत्कालै मरमत सम्भार तथा सरसफाइ गरी आवागमन सुचारु गरेको, आवश्यक स्थानहरुमा अस्थायी काठेपुल निर्माण गरि आबागमनलाई सहज बनाइएको,
- प्रदेश सरकार, संघ सरकार समेतबाट थप बजेट ब्यबस्थापन गरी र आफ्नै श्रोतबाट समेत बिभिन्न झोरा नियन्त्रण, खोला नियन्त्रण, तटबन्धन तथा बृक्षा रोपण गरी जनधनको सुरक्षा तथा बस्ती एबम् तथा खेतीयोग्य जमिन संरक्षण गरी नदी उकास जमिन खेती योग्य तुल्याएको ।

**शुसासन तथा संस्थागत विकास क्षेत्र:**

- जन प्रतिनिधि तथा कर्मचारीहरुलाइ विभिन्न प्रकारका क्षमता विकास कार्यक्रम प्रदान भएको छ ।बजारमा बिक्रि हुने खाध बस्तुको स्वच्छता परीक्षण गर्न बजारको अनुगमन,बिभिन्न किसिमले सुझाव संकलन,सार्बजनिक सुनुवाइ तथा सार्बजनिक परीक्षण जस्ता शुसासन तथा पारदर्शिताका औजारहरुको प्रयोगबाट स्थानिय सरकारलाइ जनता प्रति जवाफदेही बनाउने कार्य भइरहेको छ ।
- स्थानिय तह संस्थागत क्षेमता स्वःमूल्याङ्कन(LISA),स्थानिय तह वित्तिय जोखिम मूल्याङ्कन(FRA),राष्ट्रिय वित्त आयोगको मूल्याङ्कन प्रणाली आदिबाट पालिकाले जिल्लाभरमा उत्कृष्टता हाँसिल गरेको अबस्था भएकोले पूर्ण जंन उत्तरदायी स्थानीय सरकार संचालनमा हामी सफल रहेका छौं ।गत विगत देखिको बाँकी बेरुजुहरु सम्परीक्षण गराउदै घटाउन सफल हुनु तथा विगत दुई आ.ब.को बेरुजु नगण्य हुनु शुसासन युक्त प्रशासन मनहरी गा.पा.मा रहेको देखिने ज्वलन्त प्रमाण हुन ।
- गत बर्ष परिमार्जन सहीत तयार गरिएको संगठन तथा ब्यबस्थापन सर्बेक्षण(O and M) तथा क्षमता विकास योजना(CD Plan) को कार्यान्वयन भएबाट पालिकाको सेवा प्रवाह संगठनात्मक रुपले थप प्रभावकारी हुदै जाने देखिएको छ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

- गत बर्ष तयार भएको दोश्रो आबधिक योजना(PDP),अन्तिम चरणमा रहेको भू-उपयोग कार्यक्रम कार्यान्वयन (Land use Plan) तथा मध्यमकालीन खर्च संरचना(MTEF) को तयारी पश्चात लागू हुँदै जाँदा मनहरीलाइ आर्थिक सामाजिक रुपले थप शसक्त बनाउन सकिने देखिन्छ ।
- आगामी आ.ब.कालागि योजना तर्जुमा गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेबमोजिम योजना/कार्यक्रम प्राथमिकताका आधार तथा विधि तय गरिएको छ ।जसबाट वडा तथा विषयगत समितिबाट सिफारिस भइ आउने योजना छनौटमा पारदर्शिता कायम गर्न मद्धत पुग्ने छ ।
- २०८१ श्राबण २० गते बार्षिक समिक्षा भएकोमा हरेक बर्ष सार्बजनिक सुनुवाई समेत गर्ने गरिएको छ,यसका अलावा प्रत्यक त्रैमासको सार्बजनिक सुनुवाई,हरेक हफ्ता हुने प्र.प.अ.संगको कर्मचारी बैठक,कानूनमा भएको व्यबस्था बमोजिमको स्वत:प्रकाशन जस्ता असल अभ्यासले यस पालिकाको शुसासनलाई थप संस्थागत बनाएको छ ।
- ८४५२ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यबस्थित बसोबासीको लगभग सबै आबेदन अनलाइन इन्ट्री गरिसकिएको छ । संघीय संसदमा विचाराधिन रहेको भूमि सम्बन्धि ऐन संसोधन भएमा यस पालिका क्षेत्रमा समेत कानून बमोजिम भू-स्वामित्व वितरणको कार्य भूमि समस्या समाधान आयोको सहकार्यमा संचालन गर्न सहज हुनेछ ।
- उपाध्यक्ष ज्यूको संयजकत्वमा रहेको स्थानीय न्यायिक समितबाट तयार गरिएको न्यायिक ईजलासको राम्रो ब्यबस्थापन बाट स्थानीय न्यायिक सम्पादन प्रकृया थप सहज बनेको छ । वडागत मेलमिलापकर्ताहरुको थप सुचिकरण, उनीहरुलाई प्रदान गरेको न्यायिक ब्यबस्थापन तालिम तथा मेल मिलाप सत्र ब्यबस्थापनबाट स्थानीय न्यायिक प्रणालीलाई थप शसक्त बनाइएको छ,
- शुसासन तथा संस्थागत विकासकालागि अपनाइएको आन्तरीक नियन्त्रण प्रणाली,बिधायन, विकास तथा सुशासन, लेखा समिति गठन बाट पालिकाको कार्य बुझ्न सहज पहुँच रहेको;प्रत्यक कार्यपालिका बैठक कार्यालयको वेवसाइटबाट प्रकाशन गरिने कार्य प्रदेश भरमै पारदर्शिता र जवाफदेहीताको दृष्टीकोणले अनुकरणीय रहेको ।
- राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यबिधि बमोजिम बैठक संचालन तथा निर्णय प्रकृयाहरु कार्यान्वयन भएको छ, आन्तिरक आम्दानी सुनिश्चित गर्नको लागि मनहरी/लोथर लगायत खोलाहरुबाट नदीजन्य सामग्री उत्खनन गरी निकासी गर्ने काम भएको छ ,गत विगत देखि बाँकी बक्यौता राजस्व अथक प्रयासबाट असुल गरिएको छ,
- घर नक्सा पास कार्यलाई थप ब्यबस्थित बनाइएको । भू-उपयोग ऐन तथा नियमावली बमोजिम सम्पादन गर्नुपर्ने भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन अन्तिम चरणमा रहेको छ,
- गाँउपालिकाको कार्यक्षेत्र भित्रका कार्यालय तथा संस्थाहरुमाा भरपर्दो ईन्टरनेट सेवा प्रवाह मिलाउन आफ्नै इन्ट्रानेट सेवा संचालन गर्ने गरि सम्भाव्यता अध्ययन सहीत बृष्तृत परियोजना प्रस्ताव तयार गरिएको छ । उक्त परियोजना कार्यान्वयनकालागि बागमती प्रदेश सरकार मार्फत नवप्रबर्तनात्मक कार्यक्रमको रुपमा अवधारणा पत्र पेश गरिएको छ ।

सभाध्यक्षज्यू र सभाको सदस्यज्यूहरु,

अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को लागि विषय क्षेत्रगत रुपले तर्जुमा गरिएको नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु ।

आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

## १. सुशासन तथा संस्थागत विकास क्षेत्र:

### (क) मानव संसाधन विकास कार्यक्रम

सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रस्तिस्पर्धि, समावेशी र जनउत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामुखी र अनुमानयोग्य बनाउन प्रबिधिमैत्रि बनाउदै लैजाने कार्यलाई निरन्तरता दिईनेछ ।

- मनहरी गाउँपालिकाको कार्यालय, मनहरी अस्पताल र हाँडीखोला स्वास्थ्य चौकीमा यसै वर्षबाट लागु गरिएको विद्युतीय हाजिरीलाई निरन्तरता दिई मनहरी गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा समेत विद्युतीय हाजिरी लागु गरि नतिजामुखी सेवा प्रवाह तथा कार्य सम्पादनलाई जोड दिईनेछ ।
- भष्ट्राचार विरुद्ध शून्य सहनशिलताको नीति लिईनेछ ।सेवाग्राहीहरुमा सरकारी कामकाज प्रक्रिया झन्झटिलो र प्रक्रियामुखीमात्र हुन्छ भन्ने आमधारणालाई न्यूनिकरण गर्न सेवा प्रवाह प्रक्रिया सम्बन्धमा आवश्यक पर्ने सूचनालाई प्रचार प्रसार गरिनेछ ।
- जनप्रतिनिधिहरु र राष्ट्रसेवक कर्मचारीलाई समय समयमा पुनरताजगी कार्यक्रमको माध्यमबाट सुदृढ र प्रतिस्पर्धी बनाउन विद्यमान संस्थागत क्षमता र प्रभावकारी सेवा प्रवाहको अन्तराल विश्लेषण ( Gap Analysis) सहित मनहरी गाउँपालिकाको क्षमता विकास योजना अनुरुप क्रमश क्षमता विकासको कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- जनगुनासोलाई सम्बोधन गर्नका लागि गाउँपालिका अन्तर्गतका सबै निकायमा गुनासो/सुझाव पेटिकाको व्यवस्था गर्दै सेवाग्राहीहरुले प्राप्त गरेको सेवा संतुष्टीको मापन गर्न समय समयमा बहिरगमन मत सर्बेक्षण(Exit Poll) फारम उपलब्ध गराई जानकारी संकलन गरिने छ ।
- सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लैंगिक उत्तरदायि बजेट परिक्षण जस्ता सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका औजाहरुको प्रयोगलाई निरन्तरता दिईनेछ ।
- पहिचान भएका तर तर्जुमा हुन बाँकी कानून तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ र विद्यमान कानूनहरुलाई समय सापेक्ष बनाउन आवश्यक संशोधन गरिनेछ ।
- व्यक्तिगत घटनादर्ता डिजिटाईजेसन कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरी वडा कार्यालयबाट गरिने व्यक्तिगत घटनादर्ता सम्बन्धी कार्यलाई सहज बनाईनेछ ।



रञ्जन कालाखेती
अध्यक्ष

- जनप्रतिनिधि तथा कर्मचारीहरुको मनोबल थप अभिप्रेरित गर्ने नीति अवलम्वन गरिनेछ। साथै कार्य सम्पादनको क्रममा हुन सक्ने सम्भावित जोखिम व्यवस्थापनको लागि सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको चालु प्रकृतीको संचालन खर्चमा मितव्यीता कायम गरिनेछ।
- गत आ.व २०८१/८२ को १४औ गाउँसभाबाट स्विकृत संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन अनुसार स्थायी पद दर्ता गर्न प्रदेश सरकार समक्ष पेश गरिनेछ। साथै उक्त (O&M) प्रतिवेदन अनुसार दिर्गकालिन रुपमा आर्थिक दायित्व सृजना लाई कम गर्न सेवा करारबाट सम्पादन गर्न सकिने प्रकृतिको काम सेवा करारबाट लिईने कर्मचारीबाट गराईनेछ।
- करार सेवा सम्झौतालाई कार्यसम्पादन मुल्याङ्कनसँग जोडिनेछ साथै कार्यसम्पादन सन्तोषजनक नरहेका करार सेवामा कार्यरत कर्मचारीहरुको सेवालाई निरन्तरता दिईनेछैन।
- गाउँकार्यपालिकाको काम कारबाहिलाई चुस्त, दूरस्त, पारदर्शी र जनउत्तरदायी बनाउन कार्यालयबाट हुने गरेका सम्पूर्ण कार्यक्रम, सूचना, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, निर्णय विद्युतीय सूचना प्रणाली मार्फत सार्वजनिकं गर्ने गरिएको कामलाई अझै प्रभावकारी बनाइने छ।
- गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिमका जनशक्तिको व्यवस्था मिलाई सांगठनिक संरचनालाई चुस्त, दुरुस्त र सक्षम बनाईनेछ।
- गाउँपालिकाको हालसम्मको महालेखा परिक्षकबाट औल्याईएका बेरुजुलाई लेखा समिति मार्फत् गाउँसभामा लगी नियमित गर्ने कार्य निरन्तर गरिनेछ।
- वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन वडा कार्यालयहरुलाई स्रोत साधन सम्पन्न बनाईनेछ।
- सञ्चारकर्मीहरु तथा विभिन्न माध्यमबाट प्रशारंण/प्रकाशन हुने मिडियाहरुलाई प्रबर्द्धन गर्ने नीति रहने छ।
- मनहरी गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्तीहरुको संरक्षण र सुरक्षा गर्ने कार्यलाई अभिलेखन, अनुगमन, प्रतिवेदन मार्फत प्रभावकारी बनाईने छ।
- बजार अनुगमन तथा अतिक्रमित सार्वजनिक जग्गाको संरक्षण लगायत राजश्व चुहावट नियन्त्रण कार्यका लागि नगर प्रहरी परिचालन प्रभावकारी वनाईनेछ। मनहरी लोथर लगायतका मुख्य बजार तथा राजमार्ग क्षेत्रमा बत्ती सहित सि. सि. टि. भी क्यामेरा जडान कार्यलाई निरन्तरता दिईनेछ।

## (ख) आन्तरिक स्रोत तथा राजश्व परिचालन

- सम्पत्ती कर, विज्ञापन कर, ब्यवसाय कर, घर बहाल करलाई ब्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ। करको दायरा फराकिलो पार्न यसै वर्षभित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- करको दर परिमार्जन नगरी करका दायराहरु फराकिलो पार्न नयाँ स्रोतहरुको पहिचान गरिनेछ । यसै वर्ष देखि पालिकाक्षेत्र भित्र कारोबार हुने कवाडी संकलन तथा निकासी कार्यमा कवाडी कर लगाउन सम्भाव्यता अध्ययनको नतिजा बमोजिमको कार्य गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति र राजश्व शाखालाई सुदृढ सक्षम र प्रविधि मैत्री बनाइनेछ ।
- बेलावखतमा कर शिविर आयोजना गरी समयमा कर तथा शुल्क तिर्ने करदातालाई थप हौसला प्रदान गरि समयमा कर तथा शुल्क नतिर्ने करदातालाई जरिवाना गर्ने तथा वार्षिक रुपमा समयमै कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- आन्तरिक श्रोतलाई बलियो बनाउदै लैजान बनेको राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ ।
- पालिकाको मुख्य आयश्रोतको रुपमा रहेको नदिजन्य पदार्थको उत्खनन् तथा विक्रि कार्यलाई थप प्रभावकारी बनाईनेछ।
- आर्थिक ऐनले निर्दिष्ट गरेका थप आयस्रोतहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी राजश्व बृद्धि गरिनेछ ।
- अनलाईन कर प्रणालीलाई प्रोत्साहन गर्दै गाउँपालिका तथा वडा कार्यालयहरुबाट गरिने सेवा प्रवाहमा एकरुपता ल्याउन एकिकृत व्यवस्थापन प्रणाली प्रयोगमा ल्याईनेछ ।

**(ग) स्थानिय न्यायिक सेवा**

- न्यायिक समिति मार्फत् शान्ति, सद्भाव र न्यायको अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ । न्यायिक समितिको क्षमता विकास गरी श्रोत साधन तथा जनशक्ति सम्पन्न गराईनेछ ।
- न्यायिक कार्यलाई लैङ्गिक संबेदनसिल बनाइनेछ ।
- न्यायिक निरुपणका क्रममा महिला, दलित, जेष्ठ नागरिक, बालबालिका र द्वन्द पिडितलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिकाबाट सम्पादन भइरहेको न्यायिक क्रियाकलापको प्रभाबकारिता बारे राजनैतिक दल, सुरक्षाकर्मी, संचारकर्मी, अगुवा महिला, बाल संजाल, मानब अधिकार कर्मी, जनप्रतिनिधि सहित कानूनबिदको सहभागीतामा अन्तरसम्बाद कार्यक्रम आयोजना गरिनेछ।
- वडास्तरिय मेलमिलाप केन्द्र संचालनकोलागी मेलमिलाप सम्बन्धी ४८ घन्टे तालिम लिएका मेलमिलापकर्ताहरुलाई सूचिकृत गरिनेछ ।
- वडास्तरीय मेलमिलाप केन्द्रलाई अझै सक्रिय बनाउन वडास्तररीय मेलमिलाप केन्द्रबाट भइरहेका मेलमिलाप कार्यलाइ प्रोत्सहान गरिनेछ ।
- न्यायिक सेवाबाट टाडा रहने सम्भावना भएका लक्षित समुदाय तथा नागरिकलाइ न्यायिक समितिको काम कर्तब्य र अधिकारका बिषयमा जानकारी दिन सचेतना मुलक कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।



गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

- ज़नप्रतिनिधि तथा मेलमिलापकर्ताहरुलाई मौजुदा कानूनी सचेतना कार्यक्रम तथा पुनर्ताजगी कार्यक्रम संचालन गरिनेछ।

**(घ) तथ्याङ्क ब्यबस्थापन**

- गाउँपालिकाको समग्र प्रगती समेटिएर तयार भएको बिधुतिय बस्तुगत बिबरण(Digital Profile) गाउँपालिकाको आधारभूत तथ्याङ्कहरुलाई राष्ट्रिय योजना आयोगको National Data Profile मा प्रबिष्टि गर्ने ब्यबस्था गरी अद्याबधिक गर्न प्रयास गरीनेछ।
- पालिका स्तरीय आधारभुत तथ्याङ्क संकलन,जनस्वास्थ्य सम्बन्धि सुचना प्रणाली (H-MIS),पंजिकरण तथा सामाजिक सुरक्षा भत्ता सुचना प्रणाली (MIS),शिक्षा सम्बन्धि सुचना प्रणाली (E-MIS),बेरोजगार ब्यबक्तिहरुको सुचना प्रणाली, कर्मचारीहरुको व्यक्तिगत व्यवस्थापन सूचना प्रणाली(PIS) लगायत अन्य तथ्याङ्कीय गतिबिधि बाट प्राप्त हुने तथ्याङ्कहरु प्रयोगकर्तालाई आबस्यक पर्दा एकीकृत रुपले प्राप्त हुने ब्यबस्था गर्न पालिका स्तरीय तथ्याङ्क ईकाइलाई ब्यवस्थित गरिने छ।
- मनहरी गाउँपालिकाको दोश्रो आबधिक योजना सहितको आधारमा तयार भएको मध्यमकालीन खर्चसंरचनाको साथै योजना बैंक लगायत तरीकाबाट आयोजना संचालन हुन सक्ने प्रणालीको बिकास गरी कार्यान्वयनको थालनी गरीने छ।

## २. सामाजिक विकास क्षेत्र

**(क) शिक्षा युवा तथा खेलकुद**

- वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई संघीय तलवको अतिरिक्त प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।गाउँपालिका स्रोतवाट मात्र तलव भत्ता खाने वाल विकास सहजकर्तालाई अन्य सहजकर्ता सरह तलव उपलब्ध गराईनेछ ।
- शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सन्चालन गरिनेछ। विद्यालयको शैक्षिक नतिजाको आधारमा विद्यालयलाई विशेष प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाइ गाउँपालिकासंग र शिक्षकहरुलाई प्र. अ. संग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।करार सम्झौता गर्ने प्रधानाध्यपकहरुमध्य उत्कृष्ट प्र.अ.हरुलाई प्रोत्साहित गरिनेछ।
- विद्यार्थीको विद्यालय आवगमनलाई सहज वनाउन प्राथमिकताको आधारमा क्रमशः विद्यालय वस व्यवस्थापनमा पहलको सुरुवात गरिनेछ ।
- गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लक्षित गरी गरिवसंग विशेश्वर छात्रवृती कार्यक्रमलाई निरन्तर दिईनेछ । दलित, सिमान्तकृत, असाहाय विपन्नलाई छात्रवृतीमा प्राथमिकता दिईनेछ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रतैया, मकवानपुर बागमती प्रदेश, नेपाल



रन्जन कालाबेती
अध्यक्ष

Scanned with CamScanner

- दरवन्दी मिलान पश्चात गाउँपालिकामा सृजना भएको शिक्षक दरवन्दीलाइ गाउँपालिका शिक्षक दरवन्दी मानि आवश्यक स्रोतको प्रवन्ध गरिनेछ।माध्यामिक तह अनुमति प्राप्त विद्यालयमा दरवन्दी सुनिश्चितताको लागि पहल गरिनेछ ।विद्यार्थी संङ्ख्या कम भएको वाल विकास केन्द्र र विद्यालयहरुलाई मर्ज हुन प्रोत्साहित गरिनेछ ।
- यस गाउँपालिकाको सामुदायिक विद्यालयमा सन्चालन गरिने प्राविधिक शिक्षा र अंग्रेजी माध्यममा पठनपाठन गर्ने सामुदाय विद्यालयलाई प्रोत्साहनको कार्यक्रम सन्चालन गरिनेछ।
- मनहरी गाउँपालिकामा सन्चालित एकमात्र वहुमुखि क्याम्पस मनहरी वहुमुखि क्याम्पसको स्तरउन्नती तथा व्यवस्थापनामा सहयोग पुर्याउन मनहरी क्याम्पस व्यवस्थापन अनुदान उपलब्ध गराइनेछ।
- सामुदायिक विद्यालयलाई प्रविधिमैत्रि विद्यालय बनाउन आवश्यक कम्प्यूटर शिक्षा कक्षा संचालन समेतका कार्यलाई निरन्तर गरिनेछ।
- विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुकोलागि सचेतना कार्यक्रमलाइ प्राथमिकता दिइनेछ।
- शिक्षक तथा विद्यार्थीहरुको क्षमता मापन र गुणस्तरिय सिकाई सुनिश्चितताको लागि कक्षा ५ र ८ मा वाह्य मुल्याङ्कन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- शिक्षिकाहरु प्रसुति विदामा वस्दा विद्यालयलाई पर्न सक्ने सम्भावित हानिलाई न्युनिकरण गरी शैक्षिक क्षति कम गर्न विद्यालयलाई प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक तहका सवै विद्यालयहरुमा स्काउट, जुरेस, ईको क्लव जस्ता समिति गठन गरी वालवालिकाको सृजनात्मक क्षमताको विकासमा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई अन्तर विद्यालय सिकाई अनुभव आदानप्रदान कार्यक्रममा सहभागी गराईनेछ ।
- युवा विद्यार्थीहरुको रुची तथा खुवि पहिचान गरी क्षमता अनुसारको अध्ययन तथा पेशा व्यवसाय छनोट गर्न वृति मार्ग निर्देशन सेवा सुरुवात गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रको भुमिका प्रभावकारी वनाई केन्द्रमार्फत अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमलाई जोड दिईनेछ ।
- शैक्षिक सरोकारका विषयमा छलफल तथा विचार विमर्श गर्न अध्यक्षसंग युवाकार्यक्रम सन्चालन गरिनेछ ।
- सवै सामुदायिक विद्यालयलाई वातावरणमैत्री विद्यालयको रुपमा विकास गरिनेछ ।
- विद्यालयको शुक्रवारलाई व्यवहारिक ज्ञान संग जोड्न उपयोगी शुक्रवार कार्यक्रम प्रभावकारीता अध्ययन गरी विद्यालयमा लागु गरिनेछ ।
- खेलकुदको विकास तथा विस्तार गर्न खेलकुद महोत्सव कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हँटिया, मकवानपुर
वागमती प्रदेश, नेपाल



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- खेलकुद विकास समितिलाई सक्रिय वनाई खेलकुदका विभिन्न गतिविधिहरु समिति मार्फत सन्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- युवाहरुको नेतृत्व विकास गर्न विभिन्न युवामैत्री कार्यक्रमहरु सन्चालन गरिनेछ।
- नमुना युवा संसदको अभ्यास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**(ख) स्वास्थ्य**

- जेष्ठ नागरीक तथा असहाय बर्गको स्वास्थ्य अबस्था जाँच तथा उपचारको लागी जनप्रतिनिधि, टोल बिकास, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाको सहकार्यमाघर दैलो स्वास्थ्य सेवा साथै प्रशामक सेवा कार्यक्रमलाई निरनतरतादिइनेछ।
- गुट्खाजन्य पदार्थ बिक्रि वितरण निषेद कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- १५ शैयाको मनहरी अस्पताल निर्माणको काम सम्पन्न नहुँदा सम्म अस्थायी अस्पतालबाट सेवा प्रबाहलाई अन्तरङ्ग सेवा सहितको सेवा निरन्तरता दिईनेछ।मनहरी अस्पतालमा ओ.पि.डि.सेवा बिस्तारलाई निरन्तरता दिईसेवामा बृद्धि गरिनेछ।
- मनहरी ३ मा रहेको हाँडिखोला स्वास्थ्य चौकीमा प्रवाह भइरहेको मेडिकल अधिकृत डाक्टर सहितको सेवालाई निरन्तरता दिइनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल बढाउन हाल कार्यान्वयनमा रहेको अवकाश पश्चात दिईने सुबिधा निरन्तर गरिनेछ।साथै सेवारत महिला स्वास्थ्य स्वयंसेविकालाइ संचार खर्च उपलब्ध गराइनेछ।
- स्वास्थ्य संस्था तथा ईकाइहरुको भौतिक सुबिधा व्यबस्थित बनाई,स्वास्थ्य सेवा प्रबाहलाई सुदृढ बनाउने तथा निःशुल्क वितरण गरिने औषधी र औजार उपकरणको उपलब्धता नियमित गरिनेछ।
- शत प्रतिशत आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी (Zero home Delivery)गराइ पुर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण गर्न कार्यक्रम ल्याइनेछ।पालिका भित्रकै स्वास्थ्य संस्थामा सुत्केरी हुन जाँदा निःशुल्क एम्बुलेन्सको सुबिधा उपलब्ध गराईने छ।
- आमा समुह लाई सुदृढिकरण गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य शिक्षा प्रबर्द्धन गर्न स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका दुबै परिचालन गर्ने ब्यबस्था मिलाइनेछ।
- गर्भवती महिलाहरुले गर्नुपर्ने अनिवार्य जाँच गराउन स्वास्थ्य संस्थामा आउँदा र सुत्केरी सेवा लिंदा पोषण कार्यक्रम तथा क्याल्सियमबाट प्रोत्साहीत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गर्भवती महिलाहरुको आधारभुत जाँच तथा भिडियो एक्सरे सेवा निःशुल्क गरिनेछ।
- गाउँपालिकामा संचालित अयुर्वेदिक नागरिक आरोग्य केन्द्रालई पालिकाको तर्फबाट जनशक्ति थप गरी सेवालाई नियमित वनाईनेछ।

- आर्थिक अवस्था कमजोर भएका मृगौला प्रत्यारोपण तथा डायलसिस सेवा लिएका, क्यान्सर, मेरुदण्डको पक्षघात भएका रोगीहरुलाई दोहोरो नहुने गरी मासिक रु ५०००/- (पाच हजार)निर्वाह भत्ता उपलब्ध गराईनेछ ।
- स्वास्थ्य संस्थाको सुत्केरी दर बढाउन सुत्केरी महिलाको लागी पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिवाहित महिलाहरुमा हुन सक्ने पाठेघरको मुखको क्यान्सर तथा यौन जन्य रोगहरुको समयमै पहिचान गरी उपचारमा ल्याउन स्क्रिनिङ क्याम्प तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- पुर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता तथा दिगोपना कायम राख्न ५ बर्ष मुनिका सबै बालबालिकालाइ खोपको पहुंचमा ल्याउन गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाइ निरन्तरता दिईनेछ ।
- अति बिपन्न सहिद बेपत्ता असहाय पुर्ण अपाङ्गता तथा द्धन्द पिडित परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न गरिबसंग बिश्वेश्वर स्वास्थ्य बिमा कार्यक्रमलाइ निरन्तर गरिनेछ ।
- पालिकाभरमा मोतिया बिन्दु भएका नागरीक फेला परेमा निजहरुको मोतिबिन्दुको निःशुल्क शल्यकृया हुने ब्यबस्था मिलाइने छ ।मनहरी गाउँपालिका र सामुदायिक आँखा अस्पताल हेटौंडा बिचको सेवा प्रवाह सम्बन्धि सम्झौतालाई निरन्तरता दिइनेछ।
- रेडक्रससंगको सहकार्यमा ब्लड बैंक सञ्चालनमा सहयोग र रगत आबस्यक पर्ने नागरीकहरुलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।आबश्यकता अनुसार रक्तदान शिविर सञ्चालन गरिनेछ ।
- आवश्यक देखिएको वडाका टोलमा बिभिन्न रोगका (सर्ने/नसर्ने) निदान तथा परामर्श स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।साथै मानसिक स्वास्थ्य समस्या भएका बिरामिहरु तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।
- सूचना प्रबिधिको माध्यमबाट स्वास्थ्य सेवा पाउने नागरीक हक र सेवाका सूचनाहरु अद्यावधिक गरिनेछ ।
- मानविय स्वास्थ्य तर्फ परिआउने विपद व्यबस्थापन र महामारीजन्य रोग रोकथाम तथा नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोलि गठन तथा परिचालन गरिनेछ ।
- कडा रोग लागेका गरिब तथा अतिबिपन्न असहाय पुर्ण अशक्त अपाङ्गता भएका बिरामीहरुको लागी एम्बुलेन्स सेवामा छुट दिने ब्यबस्था मिलाइनेछ ।
- बालबालिकाको पोषण सुधारको लागी बिद्यालयमा पोषण तथा असल खानपान सम्बन्धि सचेतनामुलक कार्यक्रम गरिनेछ।
- बालबालिकाहरुलाई कुपोषण मुक्त राख्न तथा पोषण मैत्री पालिका निर्माणको लागी कार्यक्रमहरु ल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता वृद्धि गरि सुशासन कायम गरिनेछ ।
- आमगाउँबासीको स्वास्थ्य प्रति सजक रहदै लागु गरिएको गुट्खाजन्य पदार्थ निषेध कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिईनेछ साथै पटके रुपमा जफत हुने गुट्खाजन्य पदार्थलाई नियमन गर्न दण्ड/ जरिवानाको नीति अवलम्बन गरिनेछ । यस कार्यक्रम कार्यान्वयन र व्यवस्थापनको लागि नगर प्रहरी खटाईने कार्यलाई निरन्तरता दिईनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

## (ग) खानेपानी तथा सरसफाई प्रवर्द्धन

- शुद्ध खानेपानी पाउने नागरीक अधिकारको सम्मान गर्दै वडागत रुपमा योजनामा बजेट बिनियोजन गर्दा सबै घरमा शुद्ध खानेपानी पुर्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखिने छ।खानेपानी आयोजनाहरुबाट वितरण हुने प्रणालीलाई व्यबस्थित बनाउन खानेपानी वोर्ड गठन तथा संचालन गरिनेछ। एक घर एक धाराको अभियान अगाडि वढाईनेछ।
- बिशेषगरी पिउने पानीबाट फैलने पानी जन्य रोगको संक्रमण हटाउन पानी शुद्धिकरण गरि पिउने चेतना अभियान सञ्चालन गरि पानीको मुहान साथै पानीको गुणस्तर परिक्षण गरिनेछ।
- खुल्ला दिसामुक्त गाउँपालिका भएकोले अझै व्यवस्थित गर्न पूर्ण सरसफाई युक्त गाउँपालिका वनाउने तर्फ अगाडि वढिनेछ।
- हाल सञ्चालनमा रहेको ट्याक्टरबाट फोहर संकलन गर्ने कार्यलाई थप बिस्तार गरिनेछ। फोहोर संकलन तथा व्यवस्थापनको लागि निजि क्षेत्रसँग नियमानुसार सहकार्य गरिनेछ।
- बृहत खानेपानी आयोजनाबाट सार्बजनिक स्थलमा बितरण हुने धारा जडान गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरि गरिनेछ।

## (घ) दलित समुदाय

- मनहरी गाउँपालिका क्षेत्रमा बसोबास गर्ने अति विपन्न दलित समुदायका व्यक्तिहरुको हितको लागि आयआर्जनमा टेवा पुर्याउने उदेश्य अनुरुपका कार्यक्रमको लागि सिप सिकेका समुह/समुदाय/उद्यमीलाई टेवा पुग्ने सामान उपलब्ध गराउने र संस्थागत क्षमता विकास गराउने कार्यक्रम संचालन गरिनेछ। दलित समुदायसंग सम्बन्धीत रहेको परम्परागत सीपलाई व्यबसायीकरण गरी निरन्तरता दिन प्रोत्साहित गर्ने साथै बिपन्न दलित समुदायका बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्ने आदि कार्यक्रम संचालन गरिनेछ।

## (ङ) आदिबासी जनजाती

- मनहरी गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने अति विपन्न आदिबासी जनजाती समुदायका व्यक्तिहरु हितको लागि आयआर्जनमा टेवा पुर्याउने कार्यक्रम संचालन गरिनेछ। आदिवसी जनजाती समुदायसंग सम्बन्धित कला , धर्म,संस्कृति परम्परालाई निरन्तरता दिन प्रोत्साहित गर्ने साथै विपन्न आदिवासी समुदायका बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्ने आदि कार्यक्रम संचालन गरिनेछ।

## (च) अल्पसंख्यक समुदाय/मुस्लिम

- यस पालिका क्षेत्रमा बसोबास गर्ने चेपाङ,बोटे,बनकरीया जस्ता अल्पसंख्यक तथा मुस्लिम/ईसाई समुदायलाई मुलप्रबाहीकरण गर्ने योजनाहरु कार्यान्वयन गरिनेछ।
- बनकरीया बस्तिमा रहेको होम स्टेलाई थप ब्यबस्थित बनाई सञ्चालनको लागी प्रचार प्रसारमा सहयोग गरिनेछ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एजेरा, मकवानपुर
बागमती प्रदेश, नेपाल



रञ्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- बोटे समुदायको नमुना बस्तीलाई पर्यटकीय रुपमा विकास गर्ने र कृषि तथा माछा पालन कार्यमा प्रोत्साहित गरि आय आर्जन बढाउने क्रियाकलापमा सहभागी गराईनेछ। संघ तथा प्रदेशका निकायहरुको समन्वयमा आवास निर्माण कार्यमा सहयोग गरिनेछ।
- चेपाङ, बोटे, मुस्लिम, बनकरीया समुदायका व्यक्तिहरुको हितको लागि आयआर्जनमा टेवा पुर्याउने उदेश्य अनुरुप सीपमुलक कार्यक्रम लगायत अन्य समय सापेक्ष कार्यक्रम सञ्चालन गरिनेछ।

**(छ) संस्कृति/ पर्यटन प्रबर्दन**

- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार,बुद्ध पूर्णिमा, क्रिस्मस,इदउल फित्र,न्वागी आ-आफ्नो सांस्कृतिक चाड पर्ब र धार्मिक दिबसहरुमा शुभकांना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै समुदायको भाषा, कला, साहित्य, सांस्कृतिक आचरणको संरक्षणमा जोड दिइनेछ। धार्मिक पर्यटन,परम्परा देखि चलेको धार्मिक जात्रा, पुरातात्विक महत्वको सम्पदा आदीको संरक्षण गरिनेछ।
- पालिकाभित्र सम्भाव्य पर्यटकिय क्षेत्रको विकास र संचालनको उचित मार्गदर्शनको लागि कानुन तर्जुमा गरी १(एक) मनहरी पर्यटन विकास वोर्ड गठन गरिनेछ।
- समाजमा रहेको सांस्कृतिक विविधतालाई जिवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतना कायम गरिनेछ।
- हिन्दु,बौद्ध,क्रिश्चियन र मुस्लिम धर्मका धर्मगुरुहरु सहभागी गराई समाजमा बिद्यमान धार्मिक सहिष्णुता दीगो बनाउन धर्मगुरुसँग समन्वय कायम गरिनेछ।
- सार्वजनिक प्रयोजनको लागि यस अघिदेखि संचालनमा रहेको मठमंदीर, गुम्बा, चर्च गिर्जाघर, मस्जिद मदरसा, मरणघाट, बिश्राम पाटी, धार्मिक स्मारक, जातिगत गुठी, संग्रहालय जस्ता संरचनाको आवश्यक मर्मत कार्यमा सहयोग गरिनेछ।
- मनहरी ७ को रमौली लगायत आन्तरिक पर्यटनको सम्भाव्य क्षेत्रमा होमस्टे संचालन कार्यमा आवश्यक सहयोग गरिनेछ।

**(ज) महिला तर्फ**

- दिगो विकासका लक्ष्य तथा १६ औ आवधिक योजनाका तथा बेइजिङ घोषणाका धाराहरु सम्बन्धि मनहरी गाउँपालिकाका प्रत्येक जनप्रतिनिधिहरु र कर्मचारीहरुलाइविभिन्न माध्यमबाट अभिमुखिकरण प्रदान गरीनेछ।
- घरेलु हिंसा पिडित महिलाहरुलाई न्यायमा पहुँच दिलाई आवश्यकता परेको अवस्थामा आश्रय उपलब्ध गराउन पालिकाको आफ्नै संरचना तयार नहुदा सम्म स्थानीय संघसंस्थाको सहकार्यमा सेफ हाउस संचालन गरिनेछ। सकेसम्म मेलमिलापको माध्यमबाट परिवारमा पुर्नःस्थापना गरिनेछ। यस्ता महिलाहरुको लागी मागमा आधारित विभिन्न खाले सीपमुलक तालिम प्रदान गरि आत्मनिर्भर बनाउन सहयोग गरिने छ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

- महिलाहरुलाई उद्यमशीलता तालिम प्रदान गरि व्यवसायी बन्न प्रेरित गरिने छ ।बेचबिखनमा परेका, बिभिन्न खाले हिंसाको सिकार भई संरक्षणको आवश्यकता परेका महिला तथा श्रमिक महिलाहरुको लागी जिविकोपार्जन तथा आय आर्जन हुने कृयाकलाप संचालन गरिनेछ । संघ/प्रदेश सरकारका निमायहरुको समन्वयमा सिपमुलक तालिम प्रदान गरेका विपन्न महिलाहरुलाइ अवश्यकता अनुसार बिउ पूँजी उपलब्ध गराइनेछ ।
- सुरक्षित आप्रबासन कार्यक्रम अन्तरगत वित्तिय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षा सबै वडामा लागु हुने गरी संचालन गिरनेछ । साथै यस कार्यक्रममा सहभागी महिलालाई लक्षित गरि स्वरोजगारमूलक कार्यक्रम ल्याईनेछ ।
- योजना कार्यक्रमहरुमा महिलाको कार्यबोझ घट्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ । प्रदेश सरकारको सहयोगमा संचालित गृहणी महिलाहरुको आयआर्जन कार्यमा निरन्तर सहयोग गरिनेछ ।
- महिलाहरुको महान पर्व हरितालिका तिजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रुपमा उपयोग गर्न कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलाको अधिकार सुनिश्चित गर्न स्थापित विभिन्न राष्टिय अन्तराष्टिय दिवसहरु विभिन्न कार्यक्रम गरी मनाइनेछ ।
- एकल महिला/ पुरुषलाइ मनोपरामर्श, आयआर्जन क्रियाकलापमा प्रथमिकता दिईनेछ ।
- महिलाहरुलाइ नेतृत्व तथा व्यक्तित्व विकासका विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- पालिका तथा वडास्तरमा संचालन गरिने हरेक कार्यक्रममा ५० प्रतिशत महिलाको सहभागिताको शुनिश्चतता हुने गरि कार्यक्रम संचालन गरिनेछ । शत प्रतिशत महिला सहभागी भएको उपभोक्ता समितिलाई कार्य सम्पादनको आधारमा उचित सम्मान गरिनेछ।
- घरेलु हिंसा तथा लैंगिक हिंसा पिडितहरुको लागि हिंसा निवारण कोषको छुट्टै व्यवस्था गरी तत्काल राहात ,पुनर्स्थापना, न्याहमा पहुँचको लागि सहयोग प्रदान गरिनेछ ।

**(झ) बालबालिका:-**

- नेपालकै पहिलो बालमैत्री घोषणा भएको गाउँपालिका भएको प्रतिष्ठालाई जोगाइ राख्न बालबालिकाहरुलाई घोषणाका सुचक बमोजिमका न्युनतम सेवा,सुबिधा र संरक्षणका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।
- बालबालिकाहरुलाई परेको जटिल समस्या संबोधनको लागि सम्बन्धित निकायमा सम्पर्क गर्न टोल फ्रि नम्बर बाल हेल्प लाईन १०९८ लाई उपयोग गरिनेछ ।
- गाउँपालिका भित्र भएका विद्यालय, स्वास्थ्य सस्था ,विभिन्न योजना,भेला आदी बालबालिकाको सहभागिता अनिवार्य गरिनेछ । राकसिराङ्ग, कैलाश र यस पालिकाको संयुक्त प्रयासमामा बालश्रम निवारणका गतिविधि संचालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनका सुचकहरुको हालको अवस्था विश्लेषण गर्न सुचकहरुको पुन लेखाजोखा गरिनेछ ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय एजौया, मकवानपुर बागमती प्रदेश, नेपाल



रन्जन कालाखेती अध्यक्ष

Scanned with CamScanner

- बालबालिकाका सबाल कार्यान्वयन गर्न पालिका स्तरीय बाल सञ्जाल तथा वडा वडामा रहेका बाल क्लब र बालसञ्जालहरुलाई प्रोत्साहित गरि बालमैत्री स्थानीय शासन घोषणालाई जिवन्त बनाई दिगो बनाउन र टिकाउन आबस्यकता अनुसार हाल भएका सहित थप बालमैत्री सहजकर्ताको व्यबस्थापन र परिचालन गरिने छ ।
- बालकोषको कार्यविधि बमोजिमको छुट्टै खाता खोली कोषलाई प्रभावकारी रुपमा संचालन तथा परिचालन गरिनेछ ।
- गाउँ बाल संरक्षण समिति,वडा बाल संरक्षण समिति लगायत सांदर्भिक अन्य समितिहरु बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरुलाई सकृयता बढाउने वाताबरण सिर्जना गरिनेछ । बालबालिकाहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँगको दोहोरोपन हुन नदिइ कार्यक्रम समन्वयमा संचालन गरिनेछ ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई बाल विवाह तथा बाश्रम विरुद्धको शिक्षा,बालबालिका बिरुद्धको हिंसा,बाल दुर्व्यबहार,बिद्युतिय माध्यमबाट हुने यौन शोषण,बाल मनोविज्ञान र मनो बिमर्श जस्ता बिषयमा सचेतनामुलक कार्यक्रम राखिनेछ ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई क्षमता विकासका कार्यक्रम संचालन गर्ने, बालक्लब संजाल मार्फत सचेतनामुलक कार्यक्रम (सडक नाटक, भेला , छलफल) कार्यक्रम गराउने र उत्कृष्ठ कार्य गर्ने बालक्लवलाइ सम्मान गरिनेछ ।
- राष्टिय बाल दिवस भाद्र २९ अन्तराष्टिय बाल दिवस नोभेम्बर २० अन्तराष्टिय बालिका दिवस ११ अक्टोबर सामाजिक सुरक्षा सप्ताह २५ देखि २८ नोभेम्बर मा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- होटल तथा प्रतिष्ठानहरुमा बालश्रम प्रयोग नगरिएको स्टिकर टास गरिनेछ ।
- जलनबाट आघातमा परेका बालबालिकाको उपचारमा उचित सहयोग गरिनेछ ।
- पालिका क्षेत्रमा कार्यान्वयन गरिने भौतिक सामाजिक क्रियाकलापमा बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिकता दिइ संस्थागत रुपले बालबालिकाबाट उठाइएका सवाललाई कार्यान्वयन गर्न ध्यान दिइनेछ । वडा तथा पालिकाका जुनसुकै योजना तथा कार्यक्रमहरुमा बालबालिकाको हक अधिकार र बिचार लाइ समावेश गरिनेछ ।

**(ञ) अपाङ्गता भएका नागरिक**

- अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल र निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- पालिका स्तरीय अपाङ्गता समन्वय समिति मार्फत सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई सहायता सामग्री उपलब्ध गराइनेछ ।गाउँपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अनिवार्य अपाङ्ग मैत्री बनाउने कार्यलाई निरन्तर्ता दिईनेछ ।

अपाङ्गता भएका व्यक्तिको जिवन सहज बनाउन सीपमुलक तालिम,सचेतना गोष्ठी,क्षमता विकास लगायत निजहरुको आबाज सुन्न जनप्रतिनिधीसंग अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।निजहरुको आत्म सम्मान उचो राख्न आयमुलक कार्यक्रममा जोड्ने प्रयत्न गरिनेछ ।

पहेँलो कार्ड पाउने अपाङ्गता भएका व्यक्तिलाई मापदण्ड बमोजिम वर्गिकरण गरी आन्तरिक श्रोतबाट वितरण गर्दै आएको निर्बाह भत्ताको कार्यक्रम निरन्तरता दिइनेछ ।

- पूर्ण अपाङ्गता भएको व्यक्तिको दैनिक जिवनका विविध पक्षमा सहयोग पुर्याउन कार्यालय भित्र नै अपाङ्ग सहयोगी परिचालन व्यवस्था गरी कार्यलयमा अपाङ्गता हेल्ट डेक्सको स्थापन गरिनेछ ।

**(ट) जेष्ठ नागरीकः-**

- जेष्ठ नागरीकहरुको आत्म सम्मानलाई उच्च बनाउन संचालित सम्मानका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरीकहरु जम्मा हुने चोक चौतारा तथा कार्यालय नजिक जेष्ठ नागरीकलाइ सहज हुन गफ गर्ने अनुभव अदान प्रदान गर्ने अनुकुल हुने गरी जेष्ठ नागरीक दिवा बिश्राम स्थल निर्माण गरिनेछ ।
- जेष्ठ नागरीकहरुको अनुभव तथा ज्ञान सिप आदान प्रदान गर्ने उद्देश्यले बालबालिका तथा युवासंग ज्येष्ठ नागरीक अन्तरसम्वाद कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरीक सहायता कोषको स्थापना गरि निजहरुलाई घरदैलोमा निःशुल्क स्वास्थ्य परीक्षण,नियमित खाने औषधीको निःशुल्क वितरणको व्यबस्था मिलाईनेछ ।
- संघीय सरकारबाट कार्यान्वयन गरिने जेष्ठ नागरीक भत्ताको वितरणलाई सहज बनाउन वडा कार्यालय र बैंकहरु संगको सहकार्यमा सकेसम्म अति अशक्त जेष्ठ नागरीकलाई घर दैलोमै भत्ता उपलब्ध गराउने सहजिकरण कार्यलाई निरन्तरता दिईनेछ।
- संरक्षक बिहिन आमा बुवाहरुलाई आवश्यकता अनुसार आश्रय घरमा सुरक्षित रुपमा राख्ने व्यबस्था मिलाईने छ । विभिन्न संसंस्थाको सहकार्यमा जेष्ठ नागरिकलाई हुने बिभिन्न दुर्व्यबहार बिरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरीक परिचय पत्र बनाउने कार्यमा सरलता कायम गरिनेछ । स्थानिय यातायातमा जेष्ठ नागरिकको लागि निशुल्क यात्रा गर्न पाउने सुविधा उपलब्ध गराईनेछ । वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरीकलाई पहिलो प्राथमिकता दिइ सेवा प्रदान गरिनेछ ।
- जेष्ठ नागरीकका समस्या अनुभव आदान प्रदानको लागि प्रत्येक वडामा जेष्ठ नागरीक वडा मञ्च गठन गरिनेछ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

**(ठ) सामाजिक समाबेशीकरणका अन्य आयामः-**

- आर्थिक सामाजिक र भौतिक निर्माणका सवालमा टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ। टोल विकास संस्थाहरु सहज रुपले सञ्चालन गर्न आवश्यक पर्ने न्युनतम भौतिक श्रोत उपलब्ध गराईनेछ। टोल विकास संस्थाहरुलाई आवश्यक अनुसार अद्यावधिक गरिनेछ।
- गाउँपालिका क्षेत्रमा टोल विकास संस्थाहरु मार्फत फलफुलका बिरुवाहरु रोप्ने तथा संरक्षण गर्ने कार्य प्रवर्द्धन गरिनेछ।
- यसपालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरीकलाई टोल विकास संस्था तथा बाल सञ्जाल लगायतका संरचना परिचालन मार्फत युवा लक्षित सामाजिक पुनरस्थापनका कार्यक्रम संचालन गरिनेछ।
- मानब अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स.मार्फत मानव अधिकार संरक्षणका गतिबिधिहरु र दिवसिय क्रियाकलापमा साझेदारी गरिनेछ।
- मानव बेचबिखन बिरुद्धको पालिका स्तरीय समितिलाई कृयाशिल बनाई सरोकारवालाहरुलाई सहभागी बनाई मानव बेचबिखन बिरुद्ध गोष्ठि सञ्चालन गर्ने,बेच बिखनमा परेकालाई उद्धार,उपचार,मनोसामाजिक परामर्श लगायत सेफ हाउस तथा पुर्नःस्थापना लगायत सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ।
- पालिकामा रहेका द्धन्द पिडित नागरीकलाई राज्यबाट नियमानुसार उपलब्ध हुने सेवा सुबिधाको पहुंचमा सहयोग र समन्वय गरी क्षमता अभिबृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ।
- शहिद तथा द्धन्द पिडित सम्बर्द्धन कार्यक्रममा सञ्चालन गरिनेछ।
- युवाहरुलाई पालिकाको योजना तर्जुमा देखि कार्यान्वयन तह सम्म अर्थपूर्ण सहभागीताको सुनिश्चितता हुने संयन्त्रको विकास गरिने छ।
- बागमती प्रदेश सुशासन केन्द्रको समन्वयमा तयार गरिने लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI/लै.स.सा.स.)को पाँच बर्षिय रणनितिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाँउपालिका उन्मुख कृयाकलाप सञ्चालन गरिनेछ।
- पालिकाभरका लक्षित समुहका ब्यक्तिहरुको जीवनस्तर उकास्न तथा जीविकेपार्जनमा सहजताको लागि सिपमुलक तालिमहरुमा सहभागिताको लागि समन्वय र सहजिकरण गरिनेछ।
- अन्य गैर नाफामुलक संस्थाहरुको कार्यक्रममा आवश्यक सहयोग र समन्वय गरिनेछ।
- एच आई भी एड्स रोकथामका लागि सचेतना कार्यक्रम संचालन गर्ने संक्रमित ब्यक्तिहरुको लागि मनोपरामर्श कार्यक्रम तथा उपचारात्मक कार्यमा सहयोग गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी विभिन्न दिवसिय कार्यक्रमहरु संचालन गरिनेछ।



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- यौनिक तथा लैगिंक अल्पसंख्यक व्यक्तिहरुलाई मनोपरामर्श/उपचारात्मक कार्यमा आवश्यक सहयोग गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र:

### (क) मोटरेबल पुल,सडक तथा यातायात

- गाउँपालिकाको गौरवका आयोजनाको रुपमा अगाडी बढाईएको रजैया लामीटार- चकरी सडक निर्माण कार्यलाई तिब्रता दिइनेछ ।रुपाचुरीयाफेदी-पाङ्गथली झोलुङ्गेपुल निर्माण कार्य आगामी आ.व बर्ष भित्र सम्पन्न गर्न प्रयास गरिने छ। वडा नं.६ राजाराङ्ग-पाङ्गथली हुदै राक्सीराङ्ग-८ जोड्ने स्थान रुपाचुरीयाफेदीमा पक्की मोटरेबल पुल निर्माणकोलागि संघ तथा प्रदेश सरकारसंग निरन्तर पहल गरिने छ।
- प्रदेश सरकारको पहलमा निर्माणाधिन बस्तीपुर-भुन्द्रुङ्ग,रजैया-दरदरा पुल समयमै सम्पन्न गर्न सहयोग र समन्वय गरिने छ ।वडा नं.१ चकरी खोलामा पुल निर्माणकोलागि श्रोत ब्यबस्थापन मिलाई वडा नं.३ को ठाडो खोला पुल देखि विक्रमपर्ता हुदै वडा नं.२ को कार्यालय सम्म जाने बाटो स्तरीकरणंकोलागि श्रोत ब्यवस्थापनमा पहल गरिनेछ ।प्रतापपुर डिपाड क्षेत्रमा प्रदेशबाट DPR भैसकेको पुल निर्माणमा संघ तथा प्रदेश सरकारबाट आर्थिक सहयोग जुटाइने छ।
- गाउँपालिका भित्रको महत्वपुर्ण सडकलाई कालोपत्रे तथा ढलान र भित्रि सडकमा ग्राभेल गर्ने कार्यलाई निरन्तरता दिइने छ र अन्य नयाँ ठूला सडकको सम्भाव्यता अध्ययन गरि डि.पि.आर. तयार गरिनेछ,पहिलानै डि.पि.आर.भएका सडक तथा पुलका आयोजनाहरु निर्माण गर्न श्रोत जुटाउन पहल गरिनेछ। वडा स्तरमा खोलिने नयाँ सडक ट्र्याकहरु निर्माणमा फिल्ड सर्भेक्षण अनिवार्य गरिने छ।
- लामो रुट हुनेगरी नयाँ सडक ट्र्याक खोल्नु अघि, पर्यावरणमैत्री आयोजना (IEE) गरिनेछ। स्थलीय पर्यावरण, जलवायु अनुकुलन, वन्यजन्तु, तथा पर्यावरणीय क्षेत्रको संरक्षणबाट सकारात्मक प्रभावको साथै बिपद जोखिम न्यूनिकरण हुने गरि सडक निर्माण प्रक्रियामा नविनतम उपायहरू खोजी गरिने छ ।माथिल्लो खण्डमा नयाँ सडक खन्नु पर्दा साबिकको सडकमा क्षेति/अबरोध नपुग्ने गरीमात्र काम गर्ने व्यबस्था मिलाईनेछ।
- पालिकाबाट निर्मित सबै सडकहरु सार्वजनिक गरि सार्बजनिक भएको सडकमामात्र बजेट बिनियोजनलाई प्राथमिकता दिईनेछ| पालिकाबाट निर्मित सडकको योजना, अवलोकन, र मापदण्डहरूमा स्पष्टता प्रदान गरिनेछ ।यसै बर्ष अधाबधिक सहीत सबै वडाका सडकहरु भू-उपयोग नक्सामा समावेश गरिने छ।
- सडक निर्माण गर्दा कम चौडाइको सडक निर्माण गर्न निरुत्साहीत गरिनेछ । यातायात साधनको वृद्धि र सडकसुरक्षालाई ध्यानमा राखि ४ मीटर भन्दा कम चौडाइको सडकमा अत्याबस्यक नभइ स्लाब ढलान कार्यलाई निरुत्साही गरिने छ।
- गाँउपालिका क्षेत्रमा प्राथामिकतामा परी विगत देखी नै क्रमागत रुपमा सञ्चालन भइरहेका लोथर-हाङ्गलाङ्-फरिवाङ्ग, मनहरी-रुपाचुरी, तिन भङ्गाले बालुभञ्ज्याङ हुदै राक्सीराङ्ग, प्रतापुर मार्ग,वडा नं.८ र ९ जोड्ने सीमा सडक,ज्यामिरे-

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल



रन्जन कालाखेती अध्यक्ष

केरावारी सडक,बनकरीया बस्ती ट्वाङ्ग्रा देखि ज्यामिरेदोभान सडक,वडा नं.२ को मुख्य सडक लगायतका आयोजनाहरुलाई संघ तथा प्रदेश सरकार समेतको सहकार्यमा बजेट विनीयोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकको दायाँ बायाँ वृक्षारोपण गर्दै लैजान उपभोक्तालाई प्रोत्साहीत गरिनेछ।पालिका भित्रका अन्य स्थानीय ग्रामिण तथा कृषि सडक सकेसम्म बाह्रै महिना संचालन हुने गरि मर्मत संभार तथा सरसफाई गरिने छ ।बर्षायाममा अबरुद्ध हुने ग्रामिण कच्ची सडकमा तत्काल आवागमन खुलाउने गरि मेशिन परीचालन तथा बजेट प्रणालीको व्यबस्थापन गरिने छ।

- ग्रामिण तथा कृषि सडकहरुका आवस्यक स्थानमा कलभर्ट/ पुल/ पुलेसा/ ह्युमपाइप व्यबस्था गरि सडक संरक्षणकोलागी तटबन्धन ब्यबस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ । झोलुङ्गे पुल आबस्यक पर्ने स्थानको पहिचान गरी निर्माण गर्न संघीय सरकारसंग समन्वय गरिने छ ।रमौली-प्रतापपुर-नयाँबस्ती-खयरघारी बस्ती भित्रको१० मी.बाटोको नाला निर्माण सहीत स्तरीकरण गर्ने कार्यलाई निरन्तरता दिन श्रोत प्राप्तिमा पहल गरिनेछ।
- नयाँ ट्र्याक खन्ने आयोजना,अस्थायी चेक ड्याम निर्माण,खेलकुद वा अन्य चौर सम्याउने मिलाउने,पोखरी निर्माण वा खाल्डो खन्ने/पुर्ने,उपयुक्त पदार्थहरुबाट ब्याक फिलिङ्ग गर्ने,सिंचाई नहर/नाला/झोरा खोल्ने प्रकृतिका आयोजनाहरुमा सामान्यतया ल. ई. मा मेशिनमात्र प्रयोग गर्नेपर्ने उल्लेख भएकोमा सोही बमोजिम मेसिन प्रयोग गर्न दिईनेछ ।
- पालिकाभित्रका खहरेखोला,खोल्सा तथा झोराहरुबाट हुने जमिन कटान रोक्न तटबन्धका कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।पूर्वी राप्ती किनार तटबन्धनको क्रमागत योजनालाई प्रभावकारी बनाउन केन्द्रीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ।
- सडक बोर्डको साझेदारीमा सडकहरुको स्तरीकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- संघिय तथा प्रदेश सरकारसंग विषेश तथा समपुरक कोषमार्फत प्राप्त हुने बजेटबाट सडक निर्माण तथा स्तरीकरणकालागि समेत योजना संचालनको व्यबस्था मिलाईने छ।
- वडा भित्रका सबै बाटोहरुको मार्गाधिकार तोक्ने/पुनरावलोकन गर्ने तथा लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ।
- स्थानिय रुटमा संचालन हुने तिनपाङ्ग्रे सवारी तथा शेयर राईडिङ्ग गर्न चाहने निजि मोटरसाइकल वा अन्य बाहनहरुलाई प्रदेश सरकार समेतको कानुन बमोजिम नियमन गरिने छ ।
- स्थानिय सार्बजनिक यातायात संचालन कार्यविधि बमोजिम भाडा दर निर्धारण र नयमन गरिने छ।

**(ख) भवन तथा भवन संहीता एबम निर्माण ईजाजत**

- पालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई समयमै सम्पन्न गर्न संघ र प्रदेश सरकार समेतको समन्वयमा आबस्यक बजेटको व्यबस्था मिलाईनेछ । वडा नं.४ को भवन निर्माण कार्यलाई समयमै सम्पन्न गर्न र वडा नं.३ को भवन निर्माणकालागि बजेट ब्यबस्था गरिनेछ ।वडा नं.४ मा बन्ने स्वास्थ्य चौकी भवन समेत समयमानै सम्पन्न गर्नेगरी रकमको बन्दोबस्ती मिलाईनेछ ।वडा नं.६ मा स्थापना भएको सामुदायिक स्वास्थ्य संस्थाको भवन निर्माणकालागि जग्गा ब्यबस्थापन मिलाईनेछ।



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- स्वास्थ्य मंत्रालयको श्रोतमा निर्माणाधिन मनहरी अस्पतालको भवन निर्माण कार्यलाई तिब्रता दिई समयमै सम्पन्न गर्न आबस्यक श्रोत,साधनको ब्यबस्था गरिनेछ ।भवन निर्माण ईजाजत सम्बन्धि नीति,कानुन तथा मापदण्डलाई कडाइका साथ लागू गरिने छ । भवन निर्माण सम्बन्धि मापदण्ड लागूहुनु पूर्ब बनेका भवनहरु अभिलेखिकरण कार्यलाई हाललाई स्थगित राखिने छ ।पालिकाको श्रोतबाट निर्माण हुने सार्बजनिक सामुदायिक भवनहरु निर्माण गर्दा निजि स्वामित्वको जग्गामा बनाउन नपाईने नीति कडाइकासाथ लागू गरिने छ ।
- पालिका भित्रका प्राचीन स्मारक,संग्रहालय,धार्मिक,सास्कृतिक,ऐतिहासिक पुरातात्विक महत्वका भवनहरु संरक्षणको ब्यबस्था गरिने छ ।बिधालय,सामुदायिक भवन,सभागृह तथा अन्य सार्बजनिक भवन तथा संरचना निर्माण तथा मर्मत संभार कार्य निरन्तर गरिने छ।
- वडा नं.३ को भुन्द्रुङ्गमा निर्माणाधिन ४०० मेट्रीक टन क्षमताको कोल्ड स्टोर निर्माण कार्य समयमानै सम्पन्न गर्न आबश्यक बजेट बन्दोबस्त मिलाइनेछ।
- गै.स.स.साझेदारी कार्यक्रम अन्तरगत पालिका भित्रका स-साना नावालक सहीतका एकल आमाहरुकालागि आवासिय भवन बनाई हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**(ग)बिधुत/उर्जा/सडक बत्ति/बृहत खानेपानी/सिंचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण**

- नेपाल बिधुत प्राधिकरणद्धारा पालिका क्षेत्रमा बितरित बिधुत सेवाको गुणस्तर सुधारकोलागी प्राधिकरण संगको सहकार्यमा तार/पोल/ट्रान्सफर्मर लगायत सामग्रीको ब्यबस्थापनबाट बिधुत आपुर्ति नियमित बनाइने छ।मुख्य सहरी क्षेत्रमा इन्सुलेटेड तार बाट बिधुत वितरण गर्न प्राधिकरणसंग समन्वय गरिने छ ।लिफ्ट प्रबिधिका खानेपानी,सिंचाइ जस्ता आयोजनामा सोलार जस्ता बैकल्पिक उर्जालाई प्राथमिकता दिइने छ।
- पालिकाका मुख्य मुख्य पार्क तथा सार्बजनिक स्थलहरुमा सौर्य सडक बत्ति जडान गरिने छ । टोल बिकास संस्थाहरुको माग बमोजिम उनीहरुकै समन्वयमा संचालन हुनेगरि क्रमश सडकहरुमा बत्ति जडान गरिदै लगिने छ।
- घर भित्रको वायु प्रदुषण मुक्त गाउँपालिका घोषणा गर्ने अभियानको थालनी गर्न सुधारीएको चुल्हो,गोबर ग्यास प्लान्ट,ईन्डक्सन तथा ईन्फ्रारेड चुल्हो जस्ता वातावरणमैत्री एबम् नविकरणीय उर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ।नविन प्रबिधिको ऊर्जा प्रभावकारी (Building Energy Efficiency)भवनहरूको निर्माण र प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- विधुत सेवा नपुगेका टोल वस्तीहरुमा विधुत सेवाको पहुँच बृद्धि गरी सबै घरमा विद्युतको पहुच पुर्याउन जनताको कर जनताको घर, उज्यालो मनहरी शहर अभियान लाई निरन्तरता दिईनेछ।गाउँपालिकाभर बाँकी रहेको काठेपोलहरुको बिस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।साथै सडकहरुमा रहेको पोललाई उचित ब्यबस्थापन गर्दै भोल्टेज सुधारमा नेपाल बिधुत प्राधिकरण संग समन्वय गरिनेछ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल



रन्जन कालाबेती अध्यक्ष

Scanned with CamScanner

- कृषी पकेट क्षेत्रहरुमा जनसहभागीतामा आधारित साना सिंचाई कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ। खासगरि तरकारी बालि उत्पादन हुने क्षेत्रमा भौगोलीक बनावट हेरेर सिंचाई कार्यक्रम तर्जुमा गरिनेछ।सुख्खा क्षेत्रमा लिफ्ट वा ग्राभिटी बेस मध्य जुन सम्भव छ सोही प्रबिधिको सिंचाई कार्यक्रम संचालन गरिने र सम्भावना भएको स्थानमा सिंचाई पोखरी बनाइनेछ।
- संघ, प्रदेश तथा स्थानीय तहको सहलगानीमा सञ्चालन हुनेगरि बृहत सिंचाई तथा बृहत खानेपानी आयोजना प्राथामिकतामा राख्नेगरि पहल गरिनेछ।साथै उक्त आयोजनाहरुमा समुदायको प्रत्यक्ष सहभागिता गराइने छ।
- निर्माणाधिन सिंचाई आयोजनालाई प्राथामिकता दिईनुका साथै पुरा भईसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शी बनाउनको लागी उपभोक्ता समितीलाई सक्षम बनाईनेछ।
- ग्राभिटी बेस सिंचाई सुविधा नभएका कृषीक्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ प्रबिधिका सिंचाई आयोजनाहरु सञ्चालन गर्न प्राथमिकता दिइनेछ।रमौली-प्रतापुर सिंचाइ आयोजनामा शाखा कुलो बिस्तार तथा मर्मत संभारमा प्राथमिकता दिइने छ।
- डिप बोरिङ्ग समेत गर्न नसकिने सुख्खा क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण गरि लघु सिंचाइ ब्यबस्था गरिने छ।
- बिषेश गरि जल उत्पन्न प्रकोप नियन्त्रणकालागी जोखिम स्थान र संकटासन्नता बस्ती पहिचान गरि दीर्घकालिन समस्या समाधानार्थ बिज्ञको सहयोगमा जल उत्पन्न प्रकोप बिपद प्रतिकार्य योजना तयार गरि योजना मुताविक क्रमश: तटबन्धनका पूर्वाधारहरु वनाईनेछ।
- तत्काल खतरामा रहेको जोखिमयुक्त बस्तीमा तारजाली वा सुख्खा ड्याग वा अस्थायी ड्यामको ब्यबस्था गरि बस्ती संरक्षणका पूर्वाधार निर्माणलाई क्रमश प्राथमिकता दिईनेछ।
- ल्याण्डफिल्ड साईटको पहिचान गरी फोहोरमैलाको उचित विसर्जन गर्न भौतिक संरचना निर्माणको प्रयास गरिनेछ।

**(घ) बाताबरण/पर्याबरण मैत्री पूर्बाधार ब्यबस्थापन**

- सार्बजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा कानुन बमोजिम अनिबार्य गर्नुपर्ने भनिएका आयोजनाहरुको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन IEE गरेर मात्र आयोजना कार्यान्वयन गरिने छ। साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्ने प्रकारका पूर्वाधार योजना निर्माणलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिका स्तरका हरेक भौतिक संरचनागत आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई पूर्वाधार निर्माण कार्यसँग पनि जोडिनेछ।
- नयाँ निर्माण गरिएका सडक संरक्षण लगायत सार्बजनिक निर्माण कार्यबाट तयार भएका भौतिक संरचना जोगाउन,भिरालो जमिनको भू-स्खलन रोक्न सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण सहीतका Bio-engineering गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।



रन्जन काला अध्यक्ष

Scanned with CamScanner

- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरि मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानिय सरकारबिच समन्वय गर्ने संयत्रको रुपमा परिचालन गरिने छ ।सोही संयत्रको माध्यमबाट राष्ट्रिय निकुञ्ज भित्र संचालन गरिने सम्भाव्य जीप सफारी,हात्ती सफारी लगायतको पर्या पर्यटकीय गतिबिधिलाई प्रबर्द्धन गर्न सडक मर्मत लगायतको पूर्बाधार व्यबस्थापनमा आइपर्ने समस्याहरु समाधानमा सहजीकरण गरिने छ।
- राजमार्गका आबस्यक स्थानमा प्रदेश सरकार तथा सामुदायिक वनसँगको समन्वयमा पर्याबरण मैत्री पार्क सहीतको सार्बजनिक शौचालय एबम रिफ्रेस सेन्टर बनाउने तथा त्यस्ता सार्बजनिक शौचालयको संचालन सार्बजनिक निजि अबधारणामा गरिने छ।

**(ङ) सार्बजनिक/ निजी साझेदारी**

- पालिकाबाट निर्माण हुने फोरमैला ब्यबस्थापनको ल्याण्डफिल साईटको पूर्बाधार निर्माणलाई प्राथमिकरता दिईनेछ । फोहोर व्यवस्थापन, पर्यटनसँग सम्बन्धित भौतिक संरचनाको संरक्षण ब्यबस्थापन जस्ता कार्यहरुमा सार्बजनिक-निजि क्षेत्र साझेदारीको निति अबलम्बन गरिने छ। गाँउपालिकाको लगानीमा बनेका सडक,पुल,कलभर्ट,सिंचाई/खानेपानीको संरचना,प्रतिक्षालय,सत्तल तथा सामुदायिक भवनहरु लगायतको सार्बजनिक भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार कार्यमा प्रत्यक्ष लाभ पाउने उपभोक्तालाई परिचालन गरिने छ।
- ४० प्रतिशत नगद लागत सहभागिता जुट्ने आयोजनाहरु प्राथमिकतामा राखि जुनसुकै बखत कार्यान्वयन गर्न सकिने गरि श्रोत सुनिश्चित गरिनेछ।
- नविन प्रबिधिको प्रयोग र बिकास गरी पालिका स्तरीय इन्ट्रानेट संचालन गर्ने र सुचना प्रबिधि क्षेत्रमा पालिकालाई सबल बनाउने उद्धेश्यले बागमती प्रदेश सरकारसंग नवप्रबर्तन साझेदारी कोषमा प्रस्ताव गरिने छ।
- झोलुङ्गे पुल लगायत जटिल संरचना हुने पक्की मोटरेबल पुल आदी ठूला संरचना निर्माण कार्यकोलागि आबस्यकता बमोजिम योग्य परामर्शदाता/गै.स.स.संग प्राबिधिक सेवा प्राप्त गरिने छ।
- बिधालय,स्वास्थ्य संस्था,सुरक्षा निकाय,वडा कार्यालय लगायत सरकारी सार्बजनिक निकाय परिसरमा संचालन गर्नुपर्ने भौतिक निर्माण लगायत मर्मत संम्भार प्रकारका कार्यहरु नियमानुसार निर्माण व्यबसायिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईने छ।

**(च) योजना कार्ययोजना तर्जुमा तथा उपभोक्ता समिति परिचालन**

- मनहरी गाउँपालिकाको आयोजना संचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यबिधि बमोजिम उपभोक्ता समितिहरुलाई दर्ता गरि प्रमाण-पत्र जारी गर्ने ब्यबस्था मिलाईने छ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मनहरी, मकवानपुर बागमती प्रदेश, नेपाल

रत्जन आलाखेती अध्यक्ष



Scanned with CamScanner

- गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई पारदर्शि बनाउन स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्देश गरे बमोजिम योजना प्राथमिकिकरणका आधार र उपयुक्त विधिको प्रयोगबाट वडागत तथा बिषय शाखागत योजना/कार्यक्रम/कृयाकलाप छनौट गरिने छ।
- योजना शाखा मार्फत उपभोक्ता समिति परिचालन गरि कार्यान्वयन गरिने र पूर्बाधार शाखाबाट ठेक्का मार्फत कार्यान्वयन गरिने योजनाहरु कार्ययोजना बनाई समय तालिका अनुसार समयमानै सम्पन्न हुने गरि संचालन गरिने छ।
- उपभोक्ता समितिका अध्यक्ष,सचिब र कोषाध्यक्षलाई योजना संचालन सम्बन्धि आधारभुत अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुमा तार जाली,पोलिथिन पाइप,फलामे पाइप,जस्ता पाता वा अन्य जुनसुकै जिन्सि खरीद गर्नुपर्ने भएमा जिन्सि खरीदको कार्य खरिद नियमावली बमोजिम हुने व्यवस्था मिलाईनेछ । श्रम मुलक निर्माण कार्यमामात्र उपभोक्ता संग सम्झौता हुने ब्यबस्था मिलाइने छ।
- उपभोक्ता समितिबाट गरिने श्रम मूलक सार्बजनिक निर्माणमा उपभोक्ता समितिको श्रमदान लगायत योगदानलाई बस्तुपरक र यथार्थ बनाउने प्रयास गरिने छ।
- उपभोक्ता तथा ठेक्का मार्फत संचालित आयोजनाहरुको प्रगती तथा प्रतिफलको समिक्षा गरिने र आगामी दिनमा गर्नु पर्ने सुधारात्मक कार्यकोलागी पृष्टपोषण लिन कार्यपालिका सदस्यहरुमाझ अन्तरकृया कार्यक्रम गरिने छ।
- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन ।अनुगमन तथा सुपेरीबेक्षण समितिलाई अनुभव आदानप्रदान भ्रमण लगायत आधारभूत गुणस्तर परिक्षणको तालिम प्रदान गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System ) को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।सार्बजनिक निर्माण कार्य अन्तरगत बिशेषगरि भौतिक पक्षको गुणस्तर सुनिश्चित गर्न हाल संचालन गरिएको कोर कटिङ्ग,स्ट्रेन्थ टेष्ट लगायत कार्यलाई निरन्तरता दिइ गुणस्तर जाँचकोलागि थप उपकरण तथा ल्याब स्थापना गर्न प्रयास गरिने छ ।विषेश गरी ढलान कार्यमा प्रयोग हुने Carmix Concrete mixture तथा रेडीमिक्स जस्ता मेशिन/उपकरणको प्रयोग गरिएकोमा सोको ब्याच रिपोर्ट र क्युब टेष्ट रिपोर्ट अनिवार्य पेश गर्नुपर्ने ब्यबस्था मिलाईने छ।
- गाउँपालिकाबाट संचालित सबै योजनाहरुको सम्बद्ध अनुगमन समितिबाट अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्था मिलाईनेछ।
- आयोजना/कार्यक्रमहरुको अनुगमन कार्यलाई छिटो छरीतो बनाउन पूर्बाधार सहित अन्य बिषय क्षेत्रका कार्यक्रम/क्रियाकलापहरु समेत तत् तत् बिषयगत समिति अन्तरगतका सदस्य-सचिव कर्मचारी संलग्न राखि पालिकास्तरिय अनुगमन समितिबाटै अनुगमन गर्ने गरी अनुगमन प्रणाली छरीतो बनाइने छ।



रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- गाउँपालिकाबाट सञ्चालीत पूर्बाधार तथा आर्थिक लगायत क्षेत्रका प्रत्यक सार्बजनिक निर्माण परियोजनालाई पारदर्शी दिगो र व्यवस्थित बनाउन खर्चको सार्बजनिक,सार्वजनिक परीक्षण/सुनुवाई भौतिक/वित्तिय प्रगती तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।३ लाख भन्दा बढीका योजनामा आयोजना पाटी राख्ने ब्यबस्थालाई अनिवार्य वनाईनेछ ।
- गाउँपालिकाबाट उपभोक्ता समिति परिचालन गरी निर्माण गरिएका सार्वजनिक संरचनाको दिगोपना कायम गर्न नियमानुसार विनियोजित रकममा थप २ प्रतिशत रकम मर्मत सम्भारकोषमा रहने गरी कट्टा गरिनेछ ।
- उपभोक्ताको माग बमोजिम बस्तुगत सहायता स्वरुप उपलब्ध गराइएका खानेपानी पाइप बिच्छाउने कार्य पश्चात डढेलो आदीबाट हुने क्षेति जोगाउन अनिवार्य पुर्ने पर्ने शर्त सहीत बितरण हुने छ । पालिकाबाट प्राप्त गरेका जुनसुकै बस्तुगत अनुदानको उचीत प्रयोग र सुरक्षा नगर्दा वा उपभोक्ताको लापरबाहीबाट हुने क्षेतिहरुमा निजहरुलाईनै जवाफदेही बनाउने परिपाटीको बिकास गरिने छ ।
- वडागत रुपमा अत्यावश्यक परी संचालन गर्नुपर्ने तर वडाको सिलिङबाट मात्र संवोधन हुन नसकेका कार्यक्रम/योजना/क्रियाकलाप संचालन गर्न जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि बमोजिम कोषको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**(छ) जग्गा नापी, धनी पूर्जा, भू-उपयोग, सुरक्षित नागरिक आवास तथा बस्ती बिकास**

- भूमि समस्या समाधान आयोगको समन्वन्य र सहजीकरणमा सबै भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई र अब्यबस्थित बसोबासीको विवरण अनलाईन इन्ट्री गर्ने कार्य सकिएकोले कानुन बमोजिम जग्गा उपलब्ध गराउने कार्य अगाडी बढाईने छ।
- भूमिहीन सुकुम्बासीलाई जग्गा बितरण गर्दा सकेसम्म सम्बन्धित वडाको आबाद लाएक ऐलानी वा नदी उकास लगायत पर्ती जग्गामा एकिकृत बस्ती बिकास हुने गरि योजना बनाइ कार्यान्वयन गरिने छ।
- संघीय भू-उपयोग नीति,भू-उपयोग ऐन तथा भू-उपयोग नियमावली बमोजिम पालिका स्तरीय भू-उपयोग कार्यक्रम तर्जुमा गरिने छ।
- जनता/सुरक्षित आवास कार्यक्रम अन्तरगत गाउँपालिका भित्रका खरको छानो विस्थापित गरी संघीय सरकार संगको सहकार्यमा जस्तापात वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । बागमती प्रदेश सरकारको सहयोगमा संचालित चेपाङ्ग आवास कार्यक्रममा आबस्यक समन्वय र सहकार्य गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ती तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु संरक्षण गर्ने व्यवस्थाका लागि आबस्यक पहल गरिने छ।पहिला देखिनै आबादी रुपमा परिणत भएका ऐलानी पर्ती जग्गा आवाद कमोद गर्ने परिवारबिच साँध सिमाना गरी निर्बाहाकालागि छुट्टै घर बनाउन पर्ने अबस्थालाई एकीन गरि निरन्तर भोग गर्न दिने विषयमा पर्षा तथा चितवन राष्ट्रिय निकुञ्ज संग समन्वय गरिने छ ।

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

- यस गाउँपालिकामा रहेका आदिवासी, जनजाती, अल्पसंख्यक जातजातीहरुको पहिचान, संस्कृति र मुल्यमान्यता संरक्षण गर्न सांस्कृतिक घर कार्यक्रम सञ्चालन गर्न उत्साहित गरिनेछ ।त्यस्ता घरहरुमा होमस्टे संचालन गर्न मिल्ने प्रकारले डिजाइन उपलब्ध गराई पर्यटन प्रबर्द्धनमा समेत टेवा पुग्ने संरचना निर्माण गर्न प्रोत्साहन गरिने छ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका हाइटेन्सन लाईन मुनि रहेका प्रयोगविहिन जग्गाहरुको उचित प्रयोगको लागि व्यवसायीक जडिबुटी, कागती खेती, अदुवा, बेसार खेती गर्ने कार्यमा जोड दिइनेछ।सरकारी खाली पर्ति नदी उकास तथा राजमार्ग छेउका सार्बजनिक जग्गाको प्रकृति अनुसार नरीवल,कटहर,आँप,लिची जस्ता फलफूलका बिरुवा रोप्ने र संरक्षण गर्ने कार्य गरिने छ ।यस्तो कार्यको संरक्षणगरि प्रतिफल साझा गर्न टोल विकास संस्थाहरुलाई उत्प्रेरीत गरिने छ।
- साना तर ठाडो प्रकृतिका झोरा, खोल्सी छेउका जोखिम युक्त भु-भाग,चुरे तथा भावर क्षेत्रका बस्ती बचाउन र नियन्त्रण गर्नको लागी प्राबिधिक दृष्टिकोणले उपयुक्त हुने ग्याबियन वा मेशिनरी वाल लगायने व्यबस्थालाई निरन्तरता ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

**(क) वन, वनस्पति, भू-संरक्षण र वातावरण**

- जलवायु परिवर्तनको नकरात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानिय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरि मध्यवर्ति क्षेत्र ब्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानिय संरकारबीच समन्वय गर्ने संयन्त्रको रुपमा परिचालन गरिनेछ ।
- पर्सा र चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रबाट मानव बस्ती तथा खेतीबालीमा प्रवेश गरी मानविय तथा कृषि उपजमा क्षति पुग्ने गरी भईरहेको मानव-वन्यजन्तुविचको द्वन्दलाई न्यूनिकरण गर्न भौतिक/प्राविधिक/प्रशासनिक/ आर्थिक प्रयासहरु संचालन गरिनेछ ।
- सामुदायिक वन तथा डिभिजन वनको सहयोगमा नदी उकास पर्ती जमिनमा आयआर्जन गर्ने गरी नरिवलको विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वडा नं. ९ ज्यामिरेमा संचालित वन पैदावरमा आधारित काष्ठ उद्योग संचालनको लागि सहजिकरण गरिनेछ ।
- वातावरण संरक्षणको लागि टोल बिकास संस्था वा सामुदायिक संस्था नागरिक वा निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहन गरिनेछ । वातावरणमैत्री गाउँपालिका घोषणा कार्यका लागि कानूनमा उल्लेखित सुचकहरु माथिका क्रियाकलापहरु क्रमश: संचालन गरिदै लगिनेछ ।
- बातावरण तथा विपद ब्यवस्थापनको लागी अन्य पालिकाले गरिरहेका प्रयास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिनेछ।



रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

- मनहरी गाउँपालिका क्षेत्र भित्रमा निर्माण हुने सार्वजनिक भौतिक संरचनामा प्रयोग हुने काष्ठजन्य निर्माण सामाग्री पालिका भित्रकै सामुदायिक तथा मध्यवर्ती वन समूहबाट आपूर्ति गर्न प्राथमिकता दिईनेछ।
- वन क्षेत्र भित्रका खोल्सा खोल्चीहरुकोको पानीको बहाबलाई व्यवस्थापन गरी भौतिक पुर्वाधार ,खेतियोग्य जमिन,गाउँबस्ति तथा वन क्षेत्रको संरक्षण गरिनेछ।
- पारिस्थितिकिय सन्तुलन् कायम राख्न महत्वपूर्ण र जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण एवम् व्यवस्थापन कार्यमा सामुदायिक वन उपभोक्ता समुहसँगको समन्वयमा एकिकृत जलाधार व्यवस्थापन गरिनेछ।
- चालु आ.व .मा, तर्जुमा भएको वातावरणमैत्री स्थानीय शासन कार्यन्वयन कार्ययोजनाको कार्यढांचा बमोजिमका क्रियाकलापहरु क्रमश: संचालन गर्दै लगिनेछ।

**(ख) विपद् ब्यवस्थापन, जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला ब्यवस्थापन**

- एम्बुलेन्स तथा अग्नी समन जस्ता आकस्मिक सेवाहरुमा जनताको पहुँचलाई सहज बनाईनेछ। अन्तरपालिका साझेदारी कार्यक्रम अन्तर्गत अन्य पालिका समेतको सहकार्यमा वारुणयन्त्र(दमकल) परिचालनको व्यवस्था मिलाईनेछ। साथै आफ्नै श्रोतबाट सव बाहन खरिदको व्यवस्था गरी निशुल्क सेवा उपलब्ध हुने गरी परिचालन गरिनेछ।
- खानेपानी तथा लघु सिचाईको रुपमा उपयोग गर्न मिल्ने पानीको साना श्रोतः कुवा तथा मुहान संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ऐतिहासिक ढुङ्गेधारा तथा ईनारहरुको संरक्षण र मर्मत गरिनेछ।
- माथिल्लो भेगका खोल्सीहरुमा रहेको जलाधार दीगो बनाउन बृक्षारोपन लगायत प्रदुषण रहित बनाइनेछ।
- वडा नं ३ को लामिटारमा स्थानिय आपतकालीन कार्य सञ्चालन (LEOC) प्रणालीको स्थापना र सञ्चालन सुरुवात गरिनेछ। मनहरी गाउँपालिकाका नागरिकको जुनसुकै कारण मृत्य भएको अबस्थामा पालिका अध्यक्ष/उपाध्यक्ष स्वयम उपस्थित भइ परिवारमा समबेदना व्यक्त गर्ने र वडासमितिको सिफारिसको आधारमा मृत्यु संस्कारमा सहयोग पुगोस भनि रु.२० हजार घरमै पुर्याई हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- वन डढेलो नियन्त्रणको लागी अग्नी रेखा तथा नियन्त्रण दस्ता निर्माण गरी वडा तथा पालिकास्तरीय सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। विपद जोखिमको पहिचान गरी उक्त क्षेत्रमा जोखिम कम गर्ने नीति अवलंम्बन गरिनेछ।
- जोखिमयुक्त स्थानमा रहेको एवम् जंगल सिमाना जोडिएको संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पीडीत तथा अब्यवस्थापित परिवारलाई स्थानान्तरण वा पुनस्थापनाका लागि पहल गरिनेछ।
- बिपद् ब्यवस्थापन कोष संचालन निर्देशिका बमोजिम विपदबाट प्रभावित परिवारलाई राहत तथा उद्धार कार्यक्रम निरन्तर संचालन गरिनेछ। बिपद् ब्यवस्थापन कोषमा रहने रकम यस आ.ब.को सुरु मौज्दातबाट बर्ष भरिनै ३० प्रतिशत भन्दा नघट्ने गरी निरन्तर सोधभर्ना हुने ब्यवस्था मिलाईनेछ।

रन्जन कामाखेती
अध्यक्ष

- गाउँपालिका भरका जनतालाई स्वच्छ पिउने पानीको ब्यवस्थापनको लागि मनसुन जन्य समय र आवश्यक परेको समयमा पिउने पानीको निशुल्क जाँचको निरन्तर प्रवन्ध मिलाईनेछ ।
- विपद् ब्यवस्थापनमा संघ, प्रदेश, स्थानियं समुदाय, रेडक्रस जस्ता संघसंस्था र निजी क्षेत्रसँग सहयोग समन्वय र सहकार्य गरी विपद न्यूनिकरण जोखिम क्षेत्रको नक्साङकन तथा बस्तिको पहिचान गर्ने र जोखिमयुक्त भुगोलमा रहेको मानविय वस्ती स्थानान्तरणको पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि सचेतनामुलक कार्यक्रम संचालन गरी फोहोरको वर्गिकरण गर्ने र छुटाछुटै डस्टबिनमा संकलन हुने व्यवस्थापन घरभित्रै मिलाउन वडाहरुलाई अभियान संचालनमा परिचालन गरिनेछ ।
- वर्षातजन्य विपद्को जोखिम न्युनिकरण गरी आवागमन व्यवस्थापन मिलाउन ब्याक हो लोडर, ट्रयाक्टर, टिपर परिचालनको माध्यमबाट तत्कालिन समस्या समाधानमा वडा कार्यालयलाई परिचालन गर्न निरन्तरता दिईनेछ ।

रन्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner

## ५. आर्थिक विकास क्षेत्र

### (क)कृषि विकास

- कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरिनेछ। यस पालिकामा उत्पादन भएको कुनै एक कृषि उपजको न्यूनतम मुल्य सुनिश्चित गर्न सहकारी मार्फत कार्यान्वयन हुने गरी समर्थन मूल्य तोकिनेछ।
- कृषि उत्पादन वृद्दिका लागि गत वर्षदेखि उपलब्ध गराईएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणको लागि कोल्ड स्टोरको व्यवस्था गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- खेतीयोग्य बाझो जमिनको यथार्थ तध्याङ्क संकलन गरी बाझो जग्गा उपयोगमा ल्याउन प्रोत्साहन गरिनेछ। यस्तो बाझो जमिन उपयोगमा ल्याउन मकै खेतीको लागि विउ तथा कृषि औजारमा अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषि सेवा केन्द्रमा भईरहेको निःशुल्क माटो परिक्षण सेवालाई निरन्तरता दिईनेछ । परिक्षण नतिजाको आधारमा माटो उपचारको लागि आवश्यक पर्ने चुन तथा सुक्ष्म तत्वहरुको परिपुरणमा ५०% सम्म अनुदान हुने व्यवस्था मिलाईनेछ ।
- सम्भाव्यताका आधारमा तुलनात्मक लागत लाभ भएका, value chain मा आवद्ध हुने वस्तुहरुको पहिचान गरी पकेट क्षेत्र घोषणा, सामुहिक खेति संचालन, करार खेति तथा चक्लाबन्दी खेति संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- बाली विमा कार्यक्रमलाई सम्भाव्य उत्पादन क्षेत्रमा लागु गरिनेछ । सो कार्यक्रममा सहभागी हुन ईच्छुक सबै कृषकको पहुँच सुनिश्चित गरिनेछ ।
- कृषकलाई वित्तीय सेवामा सहज पहुँचको निमित आवश्यक सहयोग गरिनेछ । कृषि कार्यमा संलग्न परिवारको विवरण लिई सोही आधारमा किसान सहुलियत कार्डको व्यवस्था गरिनेछ।
- कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, कृषक पाठशाला, उत्कृष्ट कृषक सम्मान, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।
- कृषकहरुले अनुसरण गरेका नविनतम सफल प्रविधि तथा कृषकको सफलताको कथा प्रकाशन तथा प्रचार प्रसार गरिनेछ।
- सरकारी अनुदान व्यवस्थापन, कृषकहरुको समस्या तथा गुनासोको समाधान घर घरमै प्राप्त गर्नका लागि उपयुक्त प्रविधिको व्यवस्था गरिनेछ।
- गाउँपालिका अनतर्गतका कृषि उपज संकलन र प्रशोधनमा संलग्न संघ-संस्थाहरुलाई विशेष प्रोत्साहन गरिनेछ।
- सरकारी निजी साझेदारीमा एक नमुना कृषि पर्यटन गाँउ स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- परम्परागत प्राङ्गारिक खेति प्रणालीलाई जोड दिदै प्राङ्गारिक मलको उत्पादन र प्रयोग वढाउनमा आवश्यक सचेतना बृद्धि गरिनेछ । पालिकाले व्यवस्थापन गरेको नरिवल खेती लगायतका बगैचामा आवश्यक पर्ने कम्पोष्ट मल निरन्तर रुपमा उपलब्ध गराईनेछ ।



राक्सिराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रतौया, मकवानपुर बागमती प्रदेश, नेपाल

रञ्जन कालाखेती अध्यक्ष

Scanned with CamScanner

- सम्भाब्यताको आधारमा एक वडा एक उत्पादन कार्यक्रम तय गरी कृषकलाई उत्पादनमा सहभागी गराउने नीति अबलम्बन गरिनेछ।
- व्यवसायिक रुपमा कृषि कार्य संचालन गरि रहेका कृषकहरु तथा आर्थिक रुपले पछाडि परेका बोटे, बनकरिया,चेपाङ, माझी जस्ता अल्पसंख्यक समुदायका परिवारहरुका लागि विशेष कृषि विकास कार्यक्रममा प्रथमिकता दिईनेछ।
- कृषि सेवालाई प्रभावकारी रुपले प्रवाह गर्न जनशक्ति व्यवस्थापन तर्फ कृषि स्नातक सेवाका कर्मचारीलाई निरन्तरता दिईनेछ।

### (ख) पशुपन्छी तथा मत्स्य विकास

- पशुपन्छी जन्य उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसंग प्रत्यक्ष समन्वय गरिनेछ।
- पशुपन्छी उपशाखा र पशु सेवा केन्द्रबाट दैनिक दिईने सेवालाई अझ प्रभावकारी बनाउन नि-शुल्क औषधि वितरण , प्रयोगशाला सम्बन्धि सेवा तथा आवश्यक परामर्श सेवालाई निरन्तरता दिईनेछ |
- प्रभावकारी रुपले पशु सेवा प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न आवश्यक क्रियाकलाप संचालन गरिनेछ।
- सरकारी निजि साझेदारीमा एक वडा एक पशुपालन कार्यक्रम संचालनको लागि आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ।
- परम्परागत पशु पालन पद्दतिलाई निरुत्साहित गरि ब्यबसायोन्मुख तर्फ बिकास गर्न चेतना मुलक कार्यक्रम गरिनेछ।
- प्लाष्टिकका क्यानमा दुग्ध विक्री गर्ने कार्यलाई निरुत्साहित गरी ६०% अनुदानमा स्टिल वा सिल्भर क्यान खरिद गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।
- दुध उत्पादक कृषकहरुले सहकारीमा विक्री गर्ने दुग्धको गुणस्तरको आधारमा यथार्थ मुल्य भुक्तानी पाउने अवस्था सुनिश्चित गर्न दुग्धको गुणस्तर जाँच गर्ने Milk analyzer machine सहित समय समयमा पालिकाबाट गुणस्तरको छड्के जाँच गर्ने/गराउने व्यवस्था मिलाईनेछ ।
- दुध उत्पादनमा प्रोत्साहन गर्न दुध संकलन केन्द्र डेरीमां दुग्ध बिक्रि गर्ने किसानलाई प्रति लिटरका दरले उपलब्ध गराउदै आएको नगद प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्रत्येक वडामा पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरि किसानलाई प्राविधिकसँग सहज पहुच बनाउदै पशुधनको क्षति न्यूनीकरणका लागि रोग नियन्त्रणका आवश्यक कार्यक्रम निरन्तर संचालन गरिनेछ।
- दुध उत्पादक कृषक हरुको उत्पादित दुधको नियमित भुक्तानी र बजारीकरण सुनिस्चितताको लागि कृषि उपज संकलन तथा बिक्रि सेवा केन्द्र मार्फत व्यवस्थित गरिएको छ र सो कामलाई निरन्तरता दिइनेछ
- भेटेरीनरी प्रयोगशाला तथा डिस्पेनप्सरीलाई अझ व्यवस्थित गरि प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।
- वनकरिया तथा वोटे समुदायका व्यवसायीक रुपले पशुपन्छीपालनमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिने छ।



Scanned with CamScanner

- विगत देखि संचालन भईरहेको एक गाउँ एक प्राविधिक(OVOT) कार्यक्रममा सेवा प्रवाह गरिरहेका कर्मचारीको सेवालाई निरन्तरता दिईनेछ।

## (ग) श्रम, सहकारी तथा रोजगार प्रवर्द्धन

- कृषि, पशुपालन, वन, पर्यटन, हस्तकलाजन्य उद्यममा आधारित रोजगारलाई प्राथमिकता दिईनेछ।
- श्रम सहकारीमा संगठित गरी समूहगत रूपमा उत्पादन र सेवामा संलग्न गराइने छ।
- सहकारी संस्थाहरुको काम कारवाहीको सम्बन्धमा अनुगमन गरी सहकारी संस्थाको पदाधिकारीहरुको क्षमता विकासको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्तरमा सिर्जना हुने रोजगारीका अवसरहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीको आधारमा पछाडी परेका महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, तथा विपन्न वर्गलाई प्राथमिकता दिने नीति रहने छ ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र अनुभवलाई स्थानीय स्तरमा उपयोग गर्ने रणनीति अपनाईनेछ।
- सिलाई, बुनाई, इलेक्ट्रिसियन, प्लम्बिङ, ब्यूटीपार्लर, कृषि तथा पशुपालन जस्ता सीपमुलक तालिमको माध्यमबाट स्थानीय युवाहरुलाई स्वरोजगार वन्न प्रेरित गरिनेछ। यसबाट उत्पादित बस्तु तथा सेवा बजारिकरणको लागि आवश्यक परामर्श दिईनेछ।
- यस अघि उद्यम विकास तालिम प्राप्त व्यक्तिलाई व्यवसाय गर्न सक्ने उन्नत तालिम समेत उपलब्ध गराई उद्यम सञ्चालनका लागि आवश्यक उपयुक्त प्रविधि र विउपुजि व्यवस्थापनमा सहयोग र समन्वय गरिनेछ।
- स्थानीय विकास निर्माण कार्यमा आवश्यक पर्ने जनशक्ति उपलब्ध भएसम्म स्थानीय क्षेत्रबाट परिपुर्ति गर्ने/गराउने नीति अवलम्बन गरिनेछ।
- कोशेली घर निमार्ण तथा संचालनको लागि आबश्यक व्यबस्थापन समन्वय गरिनेछ। महिलाहरु संलग्न उद्यमशिलतालाई प्रोत्साहन गरिनेछ।
- गरिब निवारणको लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA) लाई निरन्तरता दिईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- स्थानिय स्तरमा रैथाने कच्चा पदार्थमा आधारित भई उत्पादन हुने बस्तु तथा कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ। परम्परागत पेशामा वा सो सम्बन्धित सीपलाई सम्बर्धन गर्दै तिनलाई ब्यवसायको रुपमा बिकास गरिनेछ।

## (घ) उद्योग बाणिज्य तथा पर्यटन

- साना तथा लघु उद्यमको प्रवर्द्धन, नवप्रवर्तन तथा व्यवसायमैत्री वातावरणको निर्माण गरिनेछ। घरेलु, लघु उद्यमहरूको दर्ता कार्यमा सहयोग गरी आवश्यक प्राविधिक सेवा प्रदान गरिनेछ।



रञ्जन कालाखेती
अध्यक्ष

- ऐतिहासिक, धार्मिक र सांस्कृतिक पर्व तथा जात्रा मेलाहरुको संचालनलाई पर्यटनसँग जोड्ने छ।
- पालिकामा दर्ता रहेका घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्रको नविकरण गर्ने म्याद गुज्रेको कारण निश्क्रिय भएका ईजाजत पत्रलाई नियमित गर्ने सम्बन्धमा नियमानुसारको म्याद दिई पुन:नविकरण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

**(ङ) बजार अनुगमन तथा खाद्य सुरक्षा**

- कानुन बमोजिम गरिने बजार अनुगमन कार्यलाई निरन्तरता दिईनेछ । सुरक्षित, स्वच्छ र पोषणयुक्त खाद्य बस्तुको उपभोग र विक्री वितरणमा सहजिकरण तथा नियमन गरिनेछ ।
- उपभोक्ता र व्यवसायीहरूलाई खाद्य संहिता, सरसफाइ र पोषणबारे प्रशिक्षण/जनचेतना अभिवृद्धि सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनहरूलाई प्याकेजिङ्ग, लेबलिङ्ग र ब्रान्डिङ्गमार्फत राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारमा पठाउने आवश्यक सहयोग गरिनेछ ।

  पालिका भित्र गरिने व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

**(च) श्रम तथा रोजगार**

- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग स्थानीय तहबाट सामाग्री खरीदको लागि बजेट विनियोजन गरी लागत साझेदारीमा कार्यक्रम संचालनलाई प्रोत्साहन दिईने छ ।
- वैदेशिक रोजगारीबाट स्वदेश फर्केका व्यक्तिहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवद्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकिकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका तथा वैदेशिक रोजगारीमा संलग्न परिवारको व्यवसायिक फर्म, कम्पनी तथा समुहलाई उत्पादनमा आधारीत सहयोग कार्यक्रममा प्रथमिकता दिईनेछ।
- वैदेशिक रोजगारीको लागि प्रदान गरिने श्रम स्वीकृती र नविंकरण गर्न काठमाडौंसम्म धाउन पर्ने विद्यमान अवस्थाको अन्त्य गर्दै रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृती तथा नविकरण सहजीकरण सेवालाई थप प्रभावकारी वनाई निरन्तरता दिईनेछ।
- आगामी ५ वर्ष भित्र यस पालिकामा स्थायी रुपमा बसोवास गर्ने विभिन्न दक्षता तथा सीप भएका व्यक्तिहरुको सीप परिक्षण गरी सीप प्रमाणीकरण गरिने छ ।
- विभिन्न व्यवसाय, उद्यम तथा स्वरोजगारी सिर्जना गर्न इच्छुक नव प्रवेशि युवाहरुलाई रोजगारमुलक तथा सिपमुलक तालिमको व्यवस्थाबाट सहयोग गरिनेछ ।
- मनहरी गाउँपालिका भित्रका सफल युवाहरुको लागि स्वरोजगार युवा नामक रोजगार सम्बन्धि रेडियो कार्यक्रम संचालन गरिने छ । पालिकाभित्र श्रम डेक्सको स्थापना गरीनेछ।



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रैलिया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

- यस पालिका भित्रको रोजगारको अवस्था, समस्या र चुनौतीको विषयमा जनप्रतिनिधि तथा सरोकारवालासँग बृहत अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
- अनौपचारिक श्रमीक महिलाहरुको तथ्यांक गणना गरि अभिलेख तयार पारिने छ । साथै बालश्रमको तथ्यांङ्क अद्यावधिक गरिनेछ संकलन गरी अभिलेखलाई व्यवस्थित गरिने छ।
- जोखिमयुक्त श्रममा रहेका बालबालिकाको उद्धार गरी उनीहरुलाई अध्ययन, क्षमता विकास, सीपमुलक तालिम जस्ता कार्यहरुमा सहयोग गरिने छ । बाल अधिकार समितिमार्फत बालश्रम हुने सम्भाव्य क्षेत्रको निरन्तर अनुगमन र निगरानी गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपले संचालन गर्न सो अन्तरगत कार्यरत रोजगार सहायक र प्राविधिक सहायक कर्मचारीको सेवालाई निरन्तरता दिईनेछ ।

अन्त्यमा यस नीति तथा कार्यक्रमको मस्यौदा तर्जुमामा प्रत्यक्ष र परोक्ष रुपमा मलाई सहयोग गर्नुहुने बिषयगत समितिका संयोजक तथा सदस्य लगायत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु लाई धन्यबाद ज्ञापन गर्दछु ।नीति,कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा हामीलाई अमूल्य सुझाव दिनुहुने कृयाशिल राजनीतिक दल लगायत सरोकारवालाहरुमा सबैमा हार्दिक आभार ब्यक्त गर्दै यसको कार्यान्वयनमा समेत उत्तिकै सक्रियतापूर्वक सहभागी भइ सहयोग गर्नुहुनेछ भन्नेमा पूर्णत विश्वस्त रहेको छु ।

रञ्जन कालाखेती
गाउँपालिका अध्यक्ष

रञ्जन कालाखेती
अध्यक्ष



Scanned with CamScanner